# नेपाल उद्योग वाणिज्य महासंघको

## विधान - २०४९

## (सातौं संशोधन सहित)

**विशेष साधरण सभाबाट २०८१ मंसिर २५ गते पारित**

**नेपाल सरकारबाट २०८१ फागुन ५ गते स्वीकृत**



# नेपाल उद्योग वाणिज्य महासंघ

टेकु, काठमाडौं

पो. ब. नं. २६९

# नेपाल उद्योग वाणिज्य महासंघको (सातौ संशोधन) विधान, २०४९

**प्रस्तावनाः**

"नेपालका उद्योगी तथा व्यवसायीको हकहित संरक्षण गर्दै मुलुकको आर्थिक क्रियाकलापमा पूँजी लगानी गर्न उचित वातावरण बनाउन तत्कालीन १२ सदस्यबाट संवत् २०२२ सालमा स्थापित नेपाल उद्योग वाणिज्य संघ राष्ट्रिय निर्देशन ऐन, २०१८ बमोजिम २०२५/१२/२९ दर्ता भई २०४९/१/१७ मा नेपाल उद्योग वाणिज्य महासंघमा रूपान्तरित भई खुल्ला बजार अर्थतन्त्रको विकासमा प्रभावकारी योगदान गर्दै आएको, नेपालको संविधान जारी भई शासकीय स्वरुपमा परिवर्तन आई संघीय संरचनाको पद्दति नेपालले अवलम्वन गरेकोले सोही बमोजिम राष्ट्रिय आवश्यकता तथा निजी क्षेत्रको नेतृत्वमा आर्थिक विकासलाई प्रभावकारी बनाई अन्तर्राष्ट्रिय अर्थतन्त्रसँग एकीकृत ज्ञानमा आधारित दिगो अर्थतन्त्र स्थापना गर्न वाञ्छनीय भएकोले, नेपाल उद्योग वाणिज्य महासंघको विशेष साधारण सभाले देहायबमोजिमको विधान बनाई लागू गरेको छ।"

## परिच्छेद-१
## प्रारम्भ

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

१.१ यस विधानको नाम "नेपाल उद्योग वाणिज्य महासंघको विधान, २०४९" रहेको छ ।

१.२ यो विधान नेपाल उद्योग वाणिज्य महासंघका सबै सदस्यलाई लागू हुनेछ र विधानको जानकारी प्राप्त गर्नु सबै सदस्यको कर्तव्य हुनेछ ।

१.३ यो विधान नेपाल सरकारबाट स्वीकृत मितिबाट लागू हुनेछ ।

**२. परिभाषाः**

२.१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः

२.१.१ "महासंघ" भन्नाले नेपाल उद्योग वाणिज्य महासंघ (नेउवा महासंघ) र अंग्रेजीमा Federation of Nepalese Chambers of Commerce and Industry (FNCCI) लाई सम्झनुपर्छ ।

२.१.२ "कार्यकारिणी समिति" भन्नाले यस विधान बमोजिम गठित महासंघको कार्यकारिणी समिति (Executive Committee) सम्झनुपर्छ ।

२.१.३. "कार्यकारिणी समिति सदस्य" भन्नाले महासंघको कार्यकारिणी समितिमा बहाल रहेका सदस्य सम्झनु पर्छ र सो शब्दले महासंघको पदाधिकारी समेतलाई जनाउँछ।

२.१.४ "विधान" भन्नाले महासंघको यस विधानलाई सम्झनुपर्छ ।

२.१.५ "उद्योग वाणिज्य" भन्नाले उद्योग, वाणिज्य, बैंकिङ्ग तथा वित्तीय, निर्यात—प्रवर्धन, सूचना तथा सञ्चार, बीमा, पर्यटन, यातायात, ई—कमर्श, स्वास्थ्य, उर्जा, निर्माण, कृषि, सेवा उद्योग र अन्य व्यवसाय समेतलाई सम्झनुपर्छ ।

२.१.६ “सदस्य” भन्नाले यस विधान बमोजिम महासंघको सदस्यता प्राप्त गरेको सदस्यलाई सम्झनुपर्छ ।

२.१.७ “साधारण सभा” भन्नाले महासंघको वार्षिक साधारण सभा विशेष साधारण सभा समेतलाई जनाउने छ ।

२.१.८ “श्रम” भन्नाले रोजगारदाता सम्बन्धी विषय समेतलाई सम्झनुपर्छ ।

२.१.९ “पदाधिकारी” भन्नाले महासंघका अध्यक्ष, निवर्तमान अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरू, कोषाध्यक्ष र महानिर्देशकलाई सम्झनुपर्छ ।

२.१.१०. “आर्थिक वर्ष” भन्नाले नेपाल सरकारले तोके बमोजिमको आर्थिक वर्ष सम्झनुपर्छ।

२.१.११. “तोके वा तोकिए बमोजिम” भन्नाले यस विधान र विधानले दिएको अधिकार प्रयोग गरी बनाइएको नियम, कार्यविधि, मापदण्ड, निर्देशिकाले वा कार्यकारिणी समितिले तोके वा तोकिए बमोजिम सम्झनुपर्छ।

२.१.१२. “पूर्व अध्यक्ष” भन्नाले महासंघको निवर्तमान अध्यक्ष बाहेकका सबै पूर्व अध्यक्षलाई सम्झनु पर्छ।

२.१.१३ “उपाध्यक्ष” भन्नाले महासंघको उपाध्यक्षलाई सम्झनुपर्छ र सो शब्दले महासंघको वरिष्ठ उपाध्यक्षलाई समेत जनाउने छ।

२.१.१४ “उद्योग वाणिज्य संघ” भन्नाले जिल्ला वा नगर स्तरीय उद्योग वाणिज्य संघलाई सम्झनु पर्छ।

२.१.१५ “प्रदेश महासंघ” भन्नाले यस विधान बमोजिम स्थापित नेपाल उद्योग वाणिज्य महासंघको प्रादेशिक शाखा सम्झनुपर्छ ।

२.१.१६ “सल्लाहकार समिति” भन्नाले नेपाल उद्योग वाणिज्य महासंघका पूर्व अध्यक्ष रहेको समिति सम्झनुपर्छ।

२.१.१७ “आर्थिक कूटनीति” भन्नाले प्रचलित संघीय कानून बमोजिम नेपाल सरकारबाट अनुरोध भई आएको आर्थिक विषयसँग सम्बन्धित विषयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयलाई नेपाल उद्योग वाणिज्य महासंघको तर्फबाट दिइने सुझाव सम्झनु पर्छ।

२.१.१८ “केन्द्र” भन्नाले नेपाल उद्योग वाणिज्य महासंघको केन्द्रीय सचिवालय सम्झनु पर्छ र सो शब्दले नेपाल उद्योग वाणिज्य महासंघको कार्यकारिणी समितिलाई समेत जनाउँछ।

२.१.१९ “महानिर्देशक” भन्नाले नेपाल उद्योग वाणिज्य महासंघको महानिर्देशक भै कामकाज गर्न तोकिएको व्यक्तिलाई सम्झनुपर्छ र सो शब्दले महानिर्देशकको पदमा कार्य गर्न जिम्मेवारी तोकिएको कर्मचारीलाई समेत जनाउँछ।

## ३. महासंघको कार्यालय

३.१ महासंघको मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहने छ र प्रदेश महासंघका कार्यालय प्रत्येक प्रदेश राजधानीमा रहने छन।

३.२ महासंघले आफ्नो उद्देश्य पूर्तिको निमित्त नेपाल राज्यभित्र वा बाहिर आवश्यकतानुसार कार्यालयहरू खडा गर्न सक्ने छ ।

## ४. महासंघको छाप तथा चिह्न

४.१ महासंघको आफ्नो छुट्टै झण्डा, छाप तथा प्रतीक चिह्न हुने छ ।

४.२ महासंघको झण्डा, छाप र प्रतीक चिह्न अनुसूची १ मा उल्लेख भएबमोजिम हुने छ ।

## परिच्छेद-२

## महासंघको उद्देश्य तथा कार्य प्रणाली

## ५. महासंघको उद्देश्य

महासंघका मुख्य उद्देश्यहरू निम्न बमोजिम हुने छन् ।

५.१ नेपाल राज्यका उद्योगी व्यापारी तथा व्यवसायीहरुको हकहितको संरक्षण तथा सम्बर्द्धन गर्दै राष्ट्रको आर्थिक तथा सामाजिक विकास गर्नु, विश्व अर्थ व्यवस्थामा आएका नुतन अवधारणा र परिवर्तनलाई आत्मसात गर्दै खुल्ला बजार अर्थतन्त्रको विकासमा महत्वपूर्ण र प्रभावकारी योगदान गर्नु, निजी क्षेत्र तथा राष्ट्रिय अर्थ व्यवस्थालाई सवल, सक्षम, सदृढ र आत्मनिर्भर तुल्याउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा उद्योग र व्यापारको विस्तार र विकास गर्दै उद्योगी तथा व्यापारीहरुको प्रतिनिधित्व गर्ने सर्वोच्च संघीय संस्थाको रुपमा कार्य गर्नु गराउनु महासंघका मुख्य उद्देश्यहरु हुनेछन् ।

५.२ उद्योग तथा वाणिज्य क्षेत्रका रोजगारदाताहरुको हकहितको संरक्षणका लागि रोजगारदाता संगठनको रुपमा काम गर्नु गराउनु ।

५.३ विश्व अर्थतन्त्रमा आएको परिवर्तनलाई आत्मसाथ गर्दै खुल्ला बजार नीति र अर्थतन्त्रको विकासमा निजी क्षेत्रको तर्फबाट महत्वपूर्ण र प्रभावकारी योगदान दिने ।

५.४ नेपाल सरकारले तर्जुमा गर्ने आर्थिक, मौद्रिक तथा वाणिज्य क्षेत्रसंग सम्बन्धित कानून तथा नीति निर्माण, संशोधन र खारेजी प्रक्रियामा समय सापेक्ष परामर्श दिने ।

५.५ वैदेशिक लगानीका क्षेत्रहरु पहिचान गरी त्यस्तो क्षेत्रमा लगानी आकर्षित गर्न आवश्यक वातावरण सिर्जना गर्ने गराउने ।

५.६ उपदफा ५.१, ५.२, ५.३, ५.४ र ५.५ को सर्वमान्यतामा प्रतिकूल प्रभाव नपारी महासंघले आफ्ना उद्देश्य पूर्तिको निमित्त आवश्यक व्यवस्था गर्ने गराउनेछ ।

५.७ संघीय संरचना बमोजिम संघीय, प्रादेशिक, स्थानीय र अन्य आवश्यक स्थानमा निजी क्षेत्रको प्रभावकारी प्रतिनिधित्व गर्ने गराउने,

५.८ नेपालका उद्योगी तथा व्यवसायीको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्ने गराउने,

५.९ उद्योगी तथा व्यवसायीहरूको प्रतिनिधित्व गर्ने सर्वोच्च संघीय संस्थाको रूपमा कार्य गर्ने गराउने,

५.१० निजी क्षेत्रको नेतृत्वमा नेपालको आर्थिक विकास गर्न पहल गर्ने गराउने र सोही बमोजिम नीतिगत तथा प्रक्रियागत सुधारको लागि नेतृत्व गर्ने गराउने,

५.११ विश्व अर्थतन्त्रमा आएका नूतन अवधारणा र परिवर्तनलाई आत्मसात् गर्दै खुल्ला बजार अर्थतन्त्रको विकासमा महत्वपूर्ण र प्रभावकारी योगदान गर्ने गराउने। राष्ट्रिय आर्थिक विकासलाई मजबुत बनाउन निजी क्षेत्रको सहभागिता प्रवद्र्धन गर्दै खुल्ला बजार अर्थ नीति तथा आर्थिक उदारीकरणको नीतिबाट लाभान्वित हुने तर्फ सचेततापूर्वक क्रियाशील रही कार्य गर्ने गराउने,

५.१२ महासंघलाई मुलुकको रोजगारदाता संस्थाको छाता संगठनको रुपमा रहने गरी रोजगार प्रदान गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्ने र असल औद्योगिक सम्बन्ध विकासका लागि रोजगारदाता र श्रमिक बिच सुमधुर सम्बन्ध विकास गर्न आवश्यक व्यवस्था गर्ने गराउने,

५.१३ नेपाल सरकारबाट तर्जुमा हुने आर्थिक विकास, वित्तीय, मौद्रिक तथा वाणिज्य क्षेत्रसँग सम्बन्धित नीतिगत विषयमा आवश्यक प्रवन्धका लागि सरोकारवालाको तर्फबाट समय सापेक्ष सुझाव प्रदान गर्ने,

५.१४ राष्ट्रिय अर्थ व्यवस्थालाई सबल, सक्षम, सुदृढ र आत्मनिर्भर तुल्याउँदै राष्ट्रको आर्थिक तथा सामाजिक विकास गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा उद्योग, व्यापार र लगानीको विस्तार र विकास गर्न आवश्यक कार्य गर्ने,

५.१५ वैदेशिक लगानीका क्षेत्रको पहिचान गरी त्यस्तो क्षेत्रमा लगानी आकर्षित गर्न आवश्यक वातावरण सिर्जना गर्ने, गराउने,

५.१६ राष्ट्रिय हितलाई सर्वोपरि ठान्दै सोको संरक्षण सम्बर्धन र संपोषण गर्न समान उद्देश्य भएका राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय संघ, संस्था, निकाय वा संगठनसँग पारस्परिक सहयोग सद्भाव र सहकार्य बढाउने तथा भाइचाराको सम्बन्ध स्थापना गर्ने, गराउने,

५.१७ राष्ट्रको आर्थिक विकासमा प्रत्यक्ष वा परोक्ष रूपले प्रभाव पार्ने कुनै पनि विषय, पक्ष वा कानून, नीति, योजना तथा कार्यक्रमको अध्ययन, विश्लेषण, विवेचना, समीक्षा, गोष्ठी तथा अन्तरक्रिया गर्ने, गराउने र सोबाट प्राप्त निष्कर्ष, प्रक्रिया, सुझाव सम्बन्धित निकायसमक्ष पेश गर्ने, ध्यानाकर्षण गर्ने र त्यसको कार्यान्वयन गर्न गराउन निरन्तर पैरवी गर्नुका साथै निष्कर्ष, सुझाव, प्रक्रिया वा अध्ययन अनुसन्धानबाट प्राप्त प्रतिवेदन आवश्यकता अनुसार प्रकाशन तथा प्रचार प्रसार गर्ने, गराउने,

५.१८ उद्योग वाणिज्य, श्रम तथा सम्बन्धित क्षेत्र वा विषयमा आवश्यकता अनुसार राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका कार्यक्रमको आयोजनाका साथै सक्रिय सहभागिता गर्ने, गराउने,

५.१९ उद्योग, वाणिज्य तथा श्रमसम्बन्धी विवादको समाधानको लागि आवश्यक पहल गर्ने गराउने र सोको निमित्त सबै किसिमको आवश्यक कार्यवाही गर्ने, गराउने,

५.२० कुनै पनि प्रकारका व्यापारिक विवाद, असहमति तथा असमझदारीलाई विवाद समाधानका वैकल्पिक माध्यम जस्तै वार्ता, मेलमिलाप, सद्भाव तथा मध्यस्थताबाट समाधान गर्ने गराउने सम्बन्धमा आवश्यक सहजीकरण गर्ने,

५.२१ नेपाल सरकारको अनुमतिमा उत्पत्तिको प्रमाणपत्र (Certificate of Origin) जारी गर्ने वा गर्न लगाउने,

५.२२ गैर आवासीय नेपालीको पूँजी, सीप र क्षमतालाई नेपालको आर्थिक विकासमा उपयोग गर्न आवश्यक पहल गर्ने, गराउने,

५.२३ अन्तर्राष्ट्रिय साझेदार उद्योग वाणिज्य संघसँग विभिन्न देशमा लगानी प्रवर्धन तथा संरक्षण सम्बन्धी आपसी सहयोग लगायतका काम गर्ने गराउने र नेपालको अर्थतन्त्रलाई विश्व अर्थतन्त्रसँग एकीकृत गर्न आवश्यक काम गर्ने, गराउने,

५.२४ नेपाली उत्पादनको पहिचान र ब्राण्ड विश्व बजारमा फैलाउन आवश्यक पहल गर्ने, गराउने,

५.२४ वैदेशिक सदस्य र द्विराष्ट्रिय उद्योग वाणिज्य संघ लगायतका महासंघका सदस्य मार्फत नेपालको आर्थिक कूटनीति विकास तथा विस्तारको लागि नेपाल सरकारलाई आवश्यक सहयोग गर्ने र सोको लागि आवश्यक भूमिका निर्वाह गर्ने,

५.२५ उद्योग, वाणिज्य तथा अन्य विषयसम्बन्धी मेला तथा प्रदर्शनीको व्यवस्था गर्ने गराउने, भाग लिने, लिन लगाउने,

५.२६ उद्योग, वाणिज्य, श्रम तथा अन्य आर्थिक विषयमा अध्ययन अनुसन्धान गर्ने गराउने र उपयुक्त जानकारी प्रचार प्रसार गर्न आवश्यक सूचना आदान प्रदानका साथै पत्रपत्रिका, पुस्तक पुस्तिका प्रकाशित गरी गराई बिक्री एवं वितरण गर्ने, गराउने,

५.२७ विशेषज्ञ, प्रशासक, राजनीतिक व्यक्तित्व, सञ्चार माध्यम, बौद्धिक समुदाय, गैह्र व्यावसायिक संघ संस्था एवं युवासँग यथासम्भव निरन्तर संवाद र सम्पर्क कायम राखी  औद्योगिक विकासमा आवश्यक प्रवन्धको लागि सहजीकरण गर्ने,

५.२८ अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संघ संस्थाको सदस्यता लिने, विभिन्न मुलुकको संघ संस्थासँग प्रतिनिधिको आदान प्रदान गर्ने, विचार विमर्श गर्ने गराउने, सम्बन्ध स्थापित गर्ने गराउने र सहयोगको आदान प्रदान गर्ने,

५.२९ महासंघको उद्देश्य पूर्तिको निमित्त आर्थिक स्रोतको परिचालन गर्नको लागि आवश्यक नियम, कार्यविधि, मापदण्ड बनाउने र अन्य आवश्यक प्रशासनिक कार्य गर्ने,

५.३० जलवायु परिवर्तन, वातावरण संरक्षण, आधुनिक प्रविधिको विकास, राष्ट्रिय उत्पादकत्व वृद्धि एवं जनसाधन विकाससम्बन्धी नीतिसँग उद्योग वाणिज्य क्षेत्रको सामन्जस्यता स्थापित गर्ने गराउने,

५.३१ प्रचलित कानून  बमोजिम प्रत्यायोजित अधिकारको प्रयोग प्रचलन गर्ने गराउने,

५.३२ राष्ट्रिय नीतिसँग उद्योग वाणिज्य क्षेत्रको सामन्जस्यता स्थापित गर्दै देशभित्र उद्योग, वाणिज्य तथा व्यापारिक संघ संस्थाको विकास एवं विस्तार गर्ने तथा उद्योग वाणिज्य क्षेत्रमा सद्भाव, इमान्दारिता, सहिष्णुता कायम राख्दै संस्थागत सामाजिक उत्तरदायित्व (CORPORATE SOCIAL RESPONSIBILITY), नैतिक मूल्य, मान्यता र व्यावसायिक आचार संहिता जस्ता विषयको मान्यता स्थापित गर्ने, गराउने,

५.३३ माथि लेखिएका उद्देश्य परिपूर्ति गर्ने सन्दर्भमा गर्नुपर्ने अन्य सबै आवश्यक कार्यहरू गर्ने गराउने।

## ६. महासंघको हैसियत कार्यप्रणाली र उद्देश्य पूरा गर्न गरिने अन्य कामहरू

६.१ महासंघ एक मुनाफाको उद्देश्य नरहेको उद्योग वाणिज्य क्षेत्रका व्यवसायीहरुको गैर राजनैतिक प्रतिनिधिमूलक सर्वोच्च संघीय संस्था हुनेछ।

६.२ महासंघले यस विधानको अधिनमा रही आफ्नो उद्देश्य पूर्तिको लागि व्यवसायिकता (Professionalism) तथा आधुनिक पद्धति अपनाई आफ्नो कार्य संचालन गर्नेछ ।

६.३ महासंघले कसै उपर उजुर नालिस गर्न र कसैले आफू उपर दाबी गरेको नालिश उजुरमा प्रतिरक्षा गर्न सक्नेछ।

६.४ महासंघले आफ्नो नाममा चल अचल सम्पत्ति प्राप्त गर्न, राख्न, आफ्नो नामको सम्पत्ति भोग गर्न तथा आवश्यकतानुसार आफ्नो हक वा स्वामित्व कुनै किसिमले हस्तान्तरण गर्न र लीज वा भाडामा लिन दिन सक्नेछ।

६.५ महासंघले आफ्नो तथा आफ्ना सदस्यहरूको हक हितको संरक्षण, सम्वद्र्धन तथा प्रवद्र्धनका लागि आवश्यकता अनुसार प्रचलित कानूनको अधिनमा रही आवश्यक कार्यवाही गर्न गराउन सक्नेछ।

६.६ महासंघले यस विधानको अधिनमा रही आफ्नो उद्देश्य पूर्तिको लागि व्यवसायिकता तथा आधूनिक पद्धति अपनाइ आफ्नो कार्य संचालन गर्नेछ।

६.७ महासंघ उद्योग वाणिज्य क्षेत्रका उद्यमी तथा व्यवसायीहरूको गैह्र राजनीतिक, गैह्र नाफामूलक एवं एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संस्था हुनेछ।

६.८ महासंघले आफ्नो कार्य सञ्चालनका लागि छुट्टै छाप तथा चिह्नको प्रयोग गर्न सक्ने छ र त्यस्तो छाप वा चिह्न प्रयोग भएको कागजात अन्यथा प्रमाणित नभएसम्म महासंघबाट जारी भए गरेको मानिनेछ।

६.९ पदाधिकारी तथा कार्यकारिणी समितिका सदस्य र महासंघका कर्मचारीले महासंघको कामकाज गर्दा बदनियत चिताई काम कार्यवाही गरी महासंघलाई हानि नोक्सानी हुन गएमा व्यक्तिगत रूपले जवाफदेही हुनुपर्नेछ।

६.१० महासंघको कार्यप्रणाली यो विधान बमोजिमको संघीय संरचना अनुसार हुनेछ। प्रदेश महासंघ महासंघको अभिन्न अङ्गको रूपमा रहने छन् र विधान अनुसार महासंघका प्रादेशिक शाखा कार्यालयको रूपमा काम गर्ने छन्। महासंघले प्रदेश महासंघको सुपरिवेक्षण तथा निरीक्षण गर्ने छ र विधान विपरीत काम भए गरेमा वा हुने, गर्ने सम्भावना रहेको अवस्था देखिएमा आवश्यक कारबाही गर्न सक्नेछ।

६.११ कार्यकारणी समितिले महासंघका सदस्यहरूलाई आवश्यक निर्देशन दिन सक्नेछ। महासंघले दिएको निर्देशनको पालना गर्नु प्रत्येक सदस्यको कर्तव्य हुनेछ।

६.१२ महासंघको निर्देशनको पालना नगर्ने सदस्यलाई आवश्यकता अनुसार महासंघबाट प्रवाह गरिने सेवा, सूचना, सल्लाह, सहयोग एवं सहायता बन्द गरी सदस्यताबाट निलम्बन र निष्काशनसमेत गर्न सकिनेछ।

## परिच्छेद-३

## सदस्यता

### ७. सदस्यको योग्यता र आधारभूत प्रतिबद्धता

७.१ महासंघको सदस्यता लिन चाहने हरेक संघ/संस्था प्रचलित नेपाल कानून बमोजिम दर्ता भै स्थापित भएको हुनुपर्नेछ ।

७.२क. महासंघका प्रत्येक सदस्यले महासंघको विधान पालना गर्नुका अतिरिक्त देहाय बमोजिमका आधारभूत अवधारणा स्वीकार गर्नु पर्नेछ :

७.२क.१ उद्योगी तथा व्यवसायीको हकहित संरक्षण,

७.२क.२ खुल्ला बजार अर्थतन्त्रको विकासमा महत्वपूर्ण र प्रभावकारी योगदान,

७.२क.३ निजी क्षेत्रको नेतृत्वमा आर्थिक विकास,

७.२क.४ संघीय संरचना र ज्ञानमा आधारित अर्थतन्त्र,

७.२क.५ महासंघको व्यावसायिक आचार संहिता पालना गर्ने प्रतिबद्धता।

### ८ सदस्यताको प्रकार र वर्गीकरण

८.१ महासंघमा देहाय बमोजिमका सदस्य रहनेछन्:

(क) जिल्ला तथा नगर उद्योग वाणिज्य संघ सदस्य

(ख) वस्तुगत सदस्य

(अ) वस्तुगत संघ

(आ) वस्तुगत महासंघ

(ग) एशोसिएट सदस्य

(अ) औद्योगिक तथा व्यावसायिक प्रतिष्ठान

(आ) द्विराष्ट्रिय उद्योग वाणिज्य संघ

(घ) संस्थापक सदस्य

(ङ) वैदेशिक सदस्य

(च) मानार्थ सदस्य।

८.२ दफा ८ को उपदफा ८.१ को खण्ड (क) बमोजिम महासंघले आफ्ना जिल्ला तथा नगर सदस्यलाई “क”, “ख” र “ग” श्रेणीमा वर्गीकरण गर्न सक्नेछ र सोही आधारमा सदस्यको सदस्यता शुल्क निंधारण गर्न सकिने छ र सोको शुल्क यस विधानमा व्यवस्था नभएको अवस्थामा महासंघले निर्धारण गरे बमोजिम हुनेछ।

### ९. उद्योग वाणिज्य महासंघको सदस्यता:

९.१ महासंघको सदस्यता प्राप्त गर्न चाहनेले यस विधान तथा यस अन्तर्गतका व्यवस्थाहरु पूरा गर्नु पर्नेछ।

९.२ महासंघको सदस्यता प्राप्त गर्न चाहनेले सदस्यताको लागि आफ्नो विधान वा प्रबन्धपत्र, नियमावली एवं दर्ताको प्रमाणपत्रका साथै महासंघ कार्यकारिणी समितिले समय समयमा निर्धारण गरे बमोजिमको शर्त एवम् ढांचामा महासंघमा दरखास्त दिनुपर्नेछ।

९.३ सदस्यताका निमित्त प्राप्त हुन आएको दरखास्तमा सदस्यता समितिले सिफारिस गरेको आधारमा प्रदान गर्ने वा नगर्ने अन्तिम अधिकार कार्यकारिणी समितिको हुनेछ। कार्यकारिणी समितिले सदस्यता प्रदान गर्न स्वीकृति दिई सदस्यता शुल्क बुझाएको मितिदेखि सदस्यता प्राप्त गरेको मानिनेछ।

९.४ वार्षिक साधारण सभाको सूचना प्रकाशित भै समाप्त नभएसम्मको अवधिमा नयाँ सदस्यता दिन सकिने छैन।

९.५ उद्योग र वाणिज्य दुवैको प्रतिनिधित्व गर्ने संघले आफ्नो नाममा उद्योग वाणिज्य भनी उल्लेख गरेको हुनुपर्नेछ।

९.६ यस महासंघको कुनै सदस्यले महासंघमा आबद्ध भएको संघ संस्थाबाहेक समान उद्देश्य र प्रकृति भएका उद्योग, वाणिज्य क्षेत्रका अन्य महासंघ वा संघको सदस्यता प्राप्त गर्नु हुँदैन। यदि महासंघको सदस्यबाहेकका समान उद्देश्य र प्रकृति भएका अन्य संघ वा महासंघको सदस्यता लिएमा महासंघको कार्यकारिणी समितिमा रहन सक्ने छैन।

९.७ केन्द्रको सदस्यता दिने अधिकार नेपाल उद्योग वाणिज्य महासंघलाई मात्र हुनेछ।
तर, यस विधान बमोजिम केन्द्रको सदस्य बन्न मापदण्ड नपुगेका संस्थालाई नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश कार्यकारिणी समितिले प्रदेशको सदस्य बन्न मापदण्ड पुगेका संस्थालाई प्रदेश सदस्यता दिन र नवीकरण गराउन सक्नेछ।

## १०. जिल्ला नगर उद्योग वाणिज्य संघको सदस्यताः

१०.१ नेपाल राज्यको कुनै जिल्ला वा स्थानीय तहको क्षेत्रमा संगठित उद्योगी व्यापारीको संगठनले महासंघको सदस्यता प्राप्ति गर्न देहाय बमोजिमका शर्त पूरा गर्नुपर्ने व्यवस्था गरिएको छः

(क) जिल्ला उद्योग वाणिज्य संघको हकमा

(अ) दुई हजारभन्दा बढी स्थायी लेखा नम्बर, (PAN) लिई दर्ता भएका सदस्य भएको हुनुपर्ने।

(आ) आफ्नै भवनमा सचिवालय रहेको हुनुपर्ने।

(इ) संघको वार्षिक आम्दानी कम्तीमा बिस लाख रुपैया भएको हुनुपर्ने।

(ख) नगर उद्योग वाणिज्य संघको हकमा

(अ) कम्तीमा पन्ध्र सय स्थायी लेखा नम्बर, (PAN) लिई दर्ता भएका सदस्यहरू भएको हुनुपर्ने।

(आ) आफ्नै भवनमा/सचिवालय भएको वा भवनका लागि जग्गाको भोगाधिकार वा स्वामित्व प्राप्त गरेको हुनुपर्ने।

(इ) संघको वार्षिक आम्दानी कम्तीमा पन्ध्र लाख रुपैया भएको हुनुपर्ने छ।

तर माथि जुन सुकै कुरा लेखिएको भए तापनि जिल्ला सदरमुकाम क्षेत्रमा उद्योग वाणिज्य संघ गठन भइसकेको भएमा सोही क्षेत्रमा स्थापित अर्को संघलाई महासंघको सदस्यता दिइने छैन।

१०.२ जिल्ला नगर उद्योग वाणिज्य संघको कार्य क्षेत्र सोही क्षेत्रभित्र मात्र सीमित रहनेछ।

## ११. वस्तुगत सदस्यता:

११.१ महासंघले वस्तुगत सदस्यता प्रदान गर्न सक्नेछ।

११.२ कुनै खास उद्योग, वाणिज्य, सेवा वा व्यवसाय, घरेलु तथा साना उद्योग, महिला, युवा, उद्यमी तथा व्यवसायी सम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भई स्थापित वस्तुगत संघले महासंघको वस्तुगत सदस्यता प्राप्त गर्न सक्नेछ।

११.३ वस्तुगत सदस्यता प्राप्त गर्न कम्तीमा दुईवटा प्रदेशको एघार वटा जिल्ला वा नगरमा कानून बमोजिम दर्ता भै कम्तीमा पचहत्तर वटा शुल्क तिरेका सदस्य भएको र विगत तीन वर्ष देखि क्रियाशील रहेको हुनुपर्नेछ।

तर प्रचलित कानून बमोजिम स्थापित सबै प्रतिष्ठान कुनै खास जिल्ला र क्षेत्रमा सीमित रहन पर्ने र देश भरिमा पचाँस वटा भन्दा कम तर पन्ध्रवटा भन्दा बढी संचालित सबै प्रतिष्ठानहरूको संगठनलाई वस्तुगत संघ मानी सदस्यता प्रदान गर्न सकिनेछ।

११.४ सात प्रदेशमा वा पचाँस भन्दा बढी जिल्ला र नगरमा क्रियाशील वस्तुगत संघ सदस्य रहेको र एक हजार सदस्य रहेको संस्थालाई वस्तुगत महासंघको सदस्यता दिन सकिने छ। यस्तो वस्तुगत महासंघ सम्बन्धित सरकारी निकायमा महासंघको रूपमा दर्ता भएको हुनुपर्नेछ।

११.५ कुनै एक वर्गभित्र सीमित रही गठन भएको वस्तुगत संघ वा वस्तुगत महासंघलाई सदस्यता दिएपछि सोही वर्गलाई समेटिएको अर्को वस्तुगत संघ वा महासंघलाई सदस्यता दिइने छैन।

## १२. द्विराष्ट्रिय सदस्यता:

१२.१ अघिल्लो तीन वर्षसम्म नेपालको कुल आयात निर्यात व्यापारको कम्तीमा सुन्य दशमलव दुई पाँच प्रतिशत अंश व्यापार हुने मुलुकसँगको व्यापार वा लगानी प्रवर्धन गर्ने उद्देश्यले स्थापित उद्योग वाणिज्य संघलाई महासंघको सदस्यता दिन सकिने छ। महासंघको सदस्यता प्राप्त गर्न चाहने द्विराष्ट्रिय उद्योग वाणिज्य संघले देहायका शर्तहरू पूरा गर्न आवश्यक हुनेछः-

(क) प्रचलित कानून बमोजिम दर्ता भएको र नवीकरण गर्नुपर्ने भएमा नवीकरण समेत गरेको हुनुपर्ने छ।

(ख) पहिलो साधारण सभा सम्पन्न भई निर्वाचित कार्य समिति गठन भएको।

(ग) कम्तीमा एक सय वटा प्रचलित कानून बमोजिम दर्ता भएका शुल्क तिर्ने सदस्य भएको।

१२.२ द्विराष्ट्रिय उद्योग वाणिज्य संघको मताधिकार एशोसिएट समूहभित्र रहने छ र सोही समूहभित्र रही यस विधानमा गरिएको व्यवस्था अनुरूप मताधिकारको प्रयोग गर्नेछ।

## १३. एसोसिएट सदस्यः

१३.१ कम्तीमा दुई करोड पचास लाख रुपैया चुक्ता पूँजी भएको प्रतिष्ठान, कम्पनी, कर्पोरेशन, बैंक, वित्तीय संस्था वा उद्योगले महासंघको एशोसिएट सदस्यता प्राप्त गर्न सक्ने छ। तर हाल भइरहेका सदस्यहरूलाई यो संशोधनले प्रतिकूल असर पार्ने छैन।

१३.२ प्रदेश उद्योग वाणिज्य महासंघको एशोसियट्स सदस्य हुनका लागि कम्तीमा पचास लाख रुपैयाँ चुक्ता पूँजी भएको प्रतिष्ठान, कम्पनी वा कर्पोरेशन, बैंक वा वित्तीय संस्था हुनुपर्ने छ। वस्तुगत संघ सदस्यताको हकमा प्रदेश महासंघले तोके बमोजिम कम्तीमा दुईवटा जिल्लामा कानून बमोजिम दर्ता भएका कम्तीमा पन्ध्र वटा शुल्क तिरेका सदस्य हुन अनिवार्य हुनेछ।

१३.३ एशोसिएट सदस्यता प्राप्त गर्न चाहनेले प्रचलित कानून बमोजिम दर्ता भई महासंघको जिल्ला/नगर उद्योग वाणिज्य संघ सदस्यको सिफारिश लिएको हुनुपर्नेछ।

१३.४ एशोसियट्स सदस्यको व्यापार वा व्यवसाय सेवा क्षेत्र भएमा मुख्य कार्यक्षेत्र रहेको स्थानमा वा उद्योगको हकमा उद्योगको मुख्य कार्यालय रहेको स्थानमा रहेको उद्योग वाणिज्य संघको सदस्यता लिएको र सोको नवीकरण गर्नुपर्ने भएमा नवीकरण समेत गरेको हुनुपर्नेछ।

## १४. वैदेशिक सदस्यताः

१४.१ विदेशी कम्पनी, संघ संस्थालाई महासंघको वैदेशिक सदस्यता प्रदान गर्न सकिनेछ।

१४.२ वैदेशिक सदस्यलाई महासंघको कुनै निर्वाचनमा भाग लिने, मतदान गर्ने तथा निर्वाचानसम्बन्धी कुनै गतिविधिमा सहभागि हुने अधिकार हुने छैन। तर साधारण सभामा उपस्थित हुन बाधा पर्ने छैन।

१४.३ महासंघको वैदेशिक सदस्यले कार्यकारिणी समितिले तोके बमोजिमको शुल्क बुझाउनु पर्नेछ।

## १५. मानार्थ सदस्यताः

१५.१ स्वदेशी तथा विदेशी उद्योग वाणिज्य, व्यवसाय, अर्थ, व्यापारसँग सम्बन्धित कुनै प्रतिष्ठित व्यक्ति वा संस्थालाई महासंघको उद्देश्य पूरा गर्न विशिष्ठ योगदान पुर्याएको कुरामा महासंघ विश्वस्त भएमा त्यस्तो व्यक्ति वा संस्थालाई महासंघको छवि बढाउनलाई अध्यक्षले एक कार्यकालमा बढीमा पाँच जना सम्मलाई मात्र मानार्थ सदस्यता दिन सकिनेछ।

१५.२ यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि हाल कायम रहेका सदस्यहरूलाई यथावत रुपमा सदस्य कायम गर्न बाधा पर्नेछैन।

## १६. सदस्यता शुल्कः

१६.१ महासंघको वार्षिक सदस्यता शुल्क, प्रवेश शुल्क र नवीकरण शुल्क तोक्ने र समय समयमा समायोजन गर्ने अधिकार कार्यकारिणी समितिलाई हुनेछ।

१६.२ मानार्थ सदस्यको हकमा कुनै पनि शुल्क लिइने छैन।

१६.३ महासंघको सदस्यले महासंघले निर्धारण गरेको समयभित्र नवीकरण नगरेमा कार्यसमितिले तोकिदिएको जरिवाना लिई नवीकरण गरिदिन सक्नेछ।

## १७. सदस्यता निलम्बन वा खारेजी सम्बन्धी व्यवस्था :

१७.१ देहायको अवस्थामा महासंघको सदस्यता खारेज हुनेछ :

(क) सदस्य टाट पल्टिएमा, वा

(ख) सदस्य विघटन भएमा, वा

(ग) सदस्यताको दर्ता खारेज भएमा वा परित्याग गरेमा, वा

(घ) लगातार तीन वर्षसम्म सदस्यता नवीकरण नगरेमा।

१७.२ देहायको अवस्थामा महासंघको कार्यकारिणी समितिले निश्चित अवधिसम्मको लागि महासंघको कुनै सदस्यको सदस्यता निलम्बन गर्न सक्नेछ।

(क) महासंघको उद्देश्य विपरीत कुनै काम गरे, गराएमा,

(ख) महासंघको विधान विपरीत कुनै काम गरे, गराएमा,

(ग) महासंघलाई बुझाउनु पर्ने रकम नबुझाएमा, वा

(घ) आफ्नो संस्था वा कम्पनीको लगातार तीन पटकसम्म साधारण सभा वा निर्वाचन नगरेमा,

(ङ) तोकिए बमोजिमका अन्य अवस्थामा।

१७.३ उपदफा १७.२ बमोजिम निलम्बन गर्नु अघि त्यस्तो सदस्यलाई सुनुवाईको मौका दिनु पर्नेछ।

१७.४ सदस्यता निलम्बन गर्ने गरी कार्यकारिणी समितिले गरेको निर्णयमा चित्त नबुझ्ने सदस्यले निर्णयको जानकारी पाएको मितिले पैतीस दिनभित्र कार्यकारिणी समिति मार्फत साधारण सभामा पुनरावेदन गर्न सक्नेछ। कार्यकारिणी समितिले त्यस्तो पुनरावेदन परेको मिति पछि लगत्तै हुने साधारण सभामा निर्णयार्थ पेश गर्नु पर्नेछ र सो सम्बन्धमा साधारण सभाले गरेको निर्णय अन्तिम हुनेछ।

१७.५ उपदफा १७.२ बमोजिम निलम्बित सदस्यले निलम्वन फुकुवा गरि पाऊँ भनी निवेदन पेश गरेमा कार्यकारिणी समितिले उपयुक्त ठहराएमा सदस्यता निलम्बन गरेको सदस्यलाई उपयुक्त जरिवाना लिई पुनः सदस्यता दिन वा निलम्वन फुकुवा गर्न सक्नेछ।

## १८. सदस्यता नवीकरण :

१८.१ महासंघका प्रत्येक सदस्यले आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र कार्यकारिणी समितिले निर्धारण गरे बमोजिमको शुल्क बुझाई आफ्नो सदस्यता नवीकरण गर्नु पर्नेछ।

१८.२ महासंघको सदस्यले आफ्नो सदस्यता नवीकरण गर्दा बुझाउनु पर्ने शुल्क सहित देहाय बमोजिमका विवरणसमेत संलग्न गर्नु पर्नेछः-

(क) एसोसियट सदस्य भए अघिल्लो वर्षको आफूले कर विवरण पेश गरेको विवरण।

(ख) अन्य सदस्य भए आफ्नो सदस्य संस्थाको साधारण सभा सम्पन्न भएको प्रमाण तथा लेखा परीक्षण प्रतिवेदन, नवीकरणको प्रमाण,मौजुदा कार्यसमितिको नामावली र अघिल्लो आर्थिक वर्षको कर विवरण पेश गरेको विवरण।

१८.३ महासंघका सदस्यले निर्धारित समयभित्र नवीकरण नगरेमा कार्यसमितिले निर्धारित जरिवाना लिई नवीकरण गर्न सक्नेछ।

## १९. सदस्यले पाउने आधारभूत सेवा सुविधा :

१९.१ महासंघको प्रत्येक सदस्यले आफूलाई परेको समस्या महासंघमा प्रस्तुत गर्न सक्नेछ। महासंघले त्यस्ता समस्या वा सवालको सम्बोधन गर्न आवश्यक व्यवस्था गर्नेछ र नेपाल सरकार वा अन्य सम्बन्धित निकाय समक्ष समेत प्रस्तुत गरी वा सहकार्य गरी समाधान गर्ने प्रयत्न गर्ने छ।

१९.२ महासंघको सदस्यलाई महासंघले गरिरहेको क्रियाकलाप, अध्ययन अनुसन्धान र अन्य सार्वजनिक गर्न सकिने किसिमका कागज पत्रमा पहुँच हुनेछ।

१९.३ कुनै सदस्यले महासंघका कुनै काम कार्यवाही योजना विषयको बारेमा नियमित जानकारी प्राप्त गर्न सक्नेछ।

१९.४ महासंघका सदस्यलाई पर्न आउने समस्याबारे सामूहिक या व्यक्तिगत रूपमा सहयोग आदान प्रदान हुनेछ।

१९.५ महासंघका साधारण सभा, विशेष साधारण सभा र समय समयमा हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मेला, गोष्ठी सेमिनार तथा अवलोकन भ्रमणमा औचित्य, आवश्यकता र विषय विज्ञताको आधारमा सहभागी हुन पाउनेछ।

१९.६ नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट हुने गतिविधिमा प्रतिनिधित्व र सहभागी हुन सक्नेछ।

१९.७ महासंघका नियमित प्रकाशन तथा प्रतिवेदनहरू प्राप्त गर्न सक्नेछ।

१९.८ महासंघका सदस्यको क्षमता अभिवृद्धि लगायतका कार्यक्रममा सहभागीत रहनेछ।

१९.९ अन्तर्राष्ट्रिय स्तरमा व्यापार विस्तार सहजीकरण सेवा उपलब्ध गराइनेछ।

१९.१० व्यावसायिक मेलमिलाप सेवा उपलब्ध गराइनेछ।

# परिच्छेद-४

# साधारण सभा

## २०. साधारण सभा :

२०.१ महासंघको सर्वोच्च अङ्गको रुपमा साधारणसभा रहनेछ।

२०.२ यस विधानको परिच्छेद ३ बमोजिमका सदस्यको विधिवत् प्रतिनिधि भएको महासंघको साधारण सभा हुनेछ।

२०.३ महासंघको साधारण सभा देहायबमोजिम हुनेछ:

(क) वार्षिक साधारण सभा

(ख) विशेष साधारण सभा

२०.४ वार्षिक साधारण सभा सामान्यतया चैत मसान्तभित्र हुनेछ र एक वार्षिक साधारण सभा र अर्को वार्षिक साधारण सभा बीचको फरक सामान्यता एक वर्षभन्दा बढी हुन सक्ने छैन।

२०.५ उपदफा २०.४ मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष परिस्थितिमा कार्यकारिणी समितिको दुई तिहाई सदस्यहरूको निर्णयबाट बढीमा तीन महिनासम्मका लागि कार्यकारिणी समितिले वार्षिक साधारण सभाको मिति पछि सार्न सक्नेछ।

२०.६ यस विधानमा लेखिए देखि वाहेक साधारण सभा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छन्।

## २१. वार्षिक साधारण सभाको सूचनाः

२१.१ महासंघको वासलात, वार्षिक प्रतिवेदन तथा सभामा छलफल हुने विषयसूची साथ सभा हुने मिति र स्थान तथा प्रतिनिधि मण्डलको संख्या तोकी साधारण सभा हुने मितिले कम्तीमा एक्काइस दिन अगावै महासंघको सचिवालयले सबै सदस्यलाई वार्षिक साधारण सभाको सूचना पठाउनेछ।

२१.२ कुनै विशेष कारणले भर्चुअल विधिबाट साधारण सभा गर्नुपर्ने भएमा दश दिन अघि सचिवालयले सदस्यहरूलाई सूचना पठाउन सकिनेछ।

२१.३ देहाय बमोजिम पठाइएको साधारण सभाको सूचना रीतपूर्वक तामेल भएको मानिने छ:

(क) सदस्यले उपलब्ध गराएको ठेगानामा इमेल वा आधिकारिक विद्युतीय माध्यम वा चिठी मार्फत महासंघबाट आधिकारिक रूपमा सूचना पठाएकोमा ।

(ख) महासंघको साधारण सभा सम्बन्धी सूचना कुनै राष्ट्रिय दैनिक, अनलाइन वा महासंघको आधिकारिक वेवसाइटमा साधारण सभा हुनुभन्दा एक्काइस दिन अगाडि नै प्रकाशित गरिएको भएमा।

## २२. साधारण सभाको काम, कर्तव्य र अधिकार :

२२.१ महासंघको साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) अध्यक्षको सम्बोधन माथि छलफल गरी अनुमोदन वा संशोधन सहित स्वीकृत गर्ने,

(ख) महानिर्देशकबाट प्रस्तुत महासंघको क्रियाकलापको वार्षिक प्रतिवेदनलाई अनुमोदन वा परिमार्जन सहित स्वीकृत गर्ने,

(ग) कोषाध्यक्षद्वारा प्रस्तुत लेखा परीक्षकद्वारा तयार पारिएको लेखा परीक्षण प्रतिवेदन सहितको वासलात तथा आय व्ययको विवरण माथि छलफल गरी अनुमोदन गर्ने,

(घ) लेखा परीक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने वा कार्यकारिणी समितिलाई अधिकार दिने,

(ङ) कार्यकारिणी समितिद्वारा प्रस्तुत प्रस्तावहरू उपर छलफल गरी निर्णय गर्ने,

(च) कार्यकारिणी समितिले नियुक्त गरेका प्रमुख निर्वाचन अधिकृतले विधान बमोजिम प्रकाशित गरेको निर्वाचन कार्यक्रम अनुसार गरिएको महासंघको कार्यकारिणी समितिको निर्वाचनमा निर्वाचित कार्यकारिणी समितिलाई अनुमोदन गर्ने,

(छ) विषय सूचीमा समावेश अन्य विषयहरू माथि छलफल गरी निर्णय गर्ने।

२२.२ उपदफा २२.१ बमोजिमको काम कारवाही गर्दा साधारण सभामा पेश हुने गरी प्रस्तावित विषयको विषय सूचीमा नपरेका समयसामिक विषयमा कुनै सदस्यलाई छलफल गर्न आवश्यक छ भन्ने लागेमा निजले छलफल गर्नुपर्ने कारण खुलाई कम्तीमा तीन दिन अगावै महासंघको अध्यक्ष समक्ष पेश गर्न सक्नेछ र त्यसरी पेश भएको विषयमा अध्यक्षले साधारणसभामा छलफल हुन उचित ठहर्याई अनुमति दिएमा त्यस्ता अन्य प्रस्ताव उपर समेत साधारणसभामा छलफल हुन सक्नेछ।

## २३. साधारण सभाको गणपूरक सङ्ख्या :

२३.१ साधारण सभाको गणपूरक संख्या सदस्यता शुल्क तिरी नवीकरण गराएका सदस्य संख्याको न्यूनतम पचाँस प्रतिशतभन्दा बढी हुनुपर्नेछ।

२३.२ उपदफा २३.१ मा लेखिएको गणपुरक सङ्ख्याका सम्बन्धमा त्यसरी उपस्थित हुनु पर्ने पचास प्रतिशतमध्ये जिल्ला तथा नगर उद्योग वाणिज्य संघको सदस्य संख्याको पचास प्रतिशत एवं वस्तुगत संघ सदस्य संख्याको चालीस प्रतिशत र द्विराष्ट्रिय एवं एशोसिएट सदस्य संख्याको बीस प्रतिशत न्यूनतम उपस्थिति अनिवार्य हुनेछ।

२३.३ साधारण सभा गणपूरक संख्या नपुगी बस्न नसकेमा अध्यक्षले कम्तीमा तीन दिनको म्याद दिई तुरुन्तै पुनः साधारण सभा बोलाउने छन्। यसरी बोलाइएको वार्षिक साधारण सभामा सदस्यता शुल्क तिरी नविकरण गराएका सदस्य संख्याको न्यूनत्तम पच्चिस प्रतिशत उपस्थिति हुनुपर्ने छ। सो संख्या नपुगी स्थगित भएको साधारणसभा पछि तुरुन्तै भोलिपल्ट गरिएको साधारण सभामा जतिसुकै उपस्थिती भए तपनि उपस्थित भएका सदस्य संख्यालाई नै गणपूरक संख्या पुगेको मानिनेछ ।

२३.४ निर्धारित समयभित्रमा आवश्यक शुल्क सहित प्रतिनिधि पत्र बुझाएका सदस्य संघसंस्था साधारण सभामा उपस्थिति भएको मानिनेछ।

## २४. साधारण सभामा प्रतिनिधित्वः

२४.१ साधारण सभामा देहाय बमोजिमका व्यक्तिहरूले भाग लिन पाउने छन्:-

(क) महासंघको कार्यकारिणी समितिका सम्पूर्ण सदस्य तथा पदाधिकारी।

(ख) यस दफा बमोजिम प्रतिनिधि मण्डलमा समावेश भएका व्यक्ति।

२४.२ उपदफा २४.१ बमोजिमको साधारण सभामा प्रतिनिधित्व गर्दा मतदानको अधिकार भने मुख्य प्रतिनिधिलाई मात्र हुनेछ।

२४.३ सदस्यले महासंघको कार्यकारिणी समितिले निर्धारण गरे बमोजिमको संख्यामा नबढाई साधारण सभाको निमित्त प्रतिनिधिमण्डल पठाउनु पर्नेछ।

२४.४ सदस्यको तर्फबाट पठाइएको प्रतिनिधि संख्या जति जनाको भएतापनि उपस्थिति एक मात्र मानिनेछ।

२४.५ प्रतिनिधिमण्डलको प्रमुख वा मुख्य प्रतिनिधिको रूपमा सदस्य संस्था (द्विराष्ट्रिय संघ समेत) को अध्यक्ष रहनुपर्ने छ। कुनै कारणले अध्यक्ष उपस्थित हुन नसक्ने भएमा आफूले प्रतिनिधित्व

गर्ने संस्थाको कार्यसमितिले छानेको व्यक्तिले मुख्य प्रतिनिधिको रूपमा प्रतिनिधि मण्डलको नेतृत्व गर्नेछ। तर सभामा अध्यक्ष स्वयम् उपस्थित भएमा त्यस अघि नियुक्त प्रतिनिधिलाई मताधिकार दिइने छैन।

२४.६ एशोसियट्स सदस्यले सञ्चालक समिति वा कायम रहेका पदाधिकारीहरूको नामावली अभिलेखको लागि महासंघमा पठाउनुपर्ने छ। एशोसिएट सदस्यको हकमा सञ्चालक समितिको अध्यक्ष, सञ्चालक समितिको उपाध्यक्ष, सञ्चालक समितिको सदस्य, कार्यकारी सचांलक, कार्यकारी प्रमुख, महाप्रबन्धक वा नायब महाप्रबन्धक तह सम्मको जिम्मेवार व्यक्तिलाई मुख्य प्रतिनिधिको रूपमा मनोनयन गरी पठाउनुपर्ने छ।

२४.७ निर्वाचन कार्यक्रम अनुसार पठाइने प्रतिनिधिमण्डलमा यस विधान बमोजिम निर्वाचनमा भाग लिन चाहने सदस्यले कुन पदका लागि कसलाई उम्मेदवार बनाइएको हो सो विवरण सहित निर्वाचनमा खडा गराउने आफ्ना उम्मेदवारलाई प्रतिनिधि मण्डलमा समावेश गर्नुपर्नेछ।

**द्रष्टव्यः** सम्बन्धित संस्थाको सिफारिस भन्नाले जुन संस्थाको अध्यक्ष/पदाधिकारी छ सोही संस्थाबाट सिफारिस प्राप्त गरेर मात्र उम्मेदवार बन्न सक्ने छ। एक संस्थाबाट एक जना उम्मेदवारले एक पदमा मात्र मनोनयन गर्न सक्ने छ।

## २५. वार्षिक प्रतिवेदनः

कार्यकारिणी समितिले महासंघको कामको विवरण, उद्योग, वाणिज्य र आर्थिक विषय तथा आवश्यक अन्य विषय समावेश भएको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नेछ।

## २६. विशेष साधारण सभाः

२६.१ कार्यकारिणी समितिले विशेष साधारण सभा बोलाउन आवश्यक महशुस गरेमा पन्ध्र दिनको सूचना दिई विशेष साधारण सभा बोलाउन सक्नेछ।

२६.२ परिच्छेद ३ बमोजिमका सदस्यहरूको कूल मत संख्याको पच्चीस प्रतिशतले विषय उल्लेख गरी विशेष साधारण सभा बोलाउन माग गरेमा कार्यकारिणी समितिले तीस दिनभित्र विशेष साधारणसभा बोलाउनुपर्नेछ।

२६.३ विशेष साधारण सभाको गणपूरक संख्या समयमा नवीकरण भई सदस्यता शुल्क तिरी मतदान गर्न पाउने सदस्य संख्याको न्यूनतम पचास प्रतिशत भन्दा बढी हुनुपर्नेछ। यस मध्ये जिल्ला तथा नगर उद्योग वाणिज्य संघको सदस्य संख्याको पचास प्रतिशत एवं वस्तुगत संघ सदस्य संख्याको चालीस प्रतिशत र द्विराष्ट्रिय एवम् एशोसिएट सदस्यको संख्याको बीस प्रतिशत न्यूनतम उपस्थिति अनिवार्य हुनेछ।

२६.४ विशेष साधारण सभा गणपूरक संख्या नपुगी बस्न नसकेमा अध्यक्षले कम्तीमा तीन दिनको म्याद दिई तुरुन्तै पुनः विशेष साधारण सभा बोलाउने छन्। यसरी बोलाइएको साधारण सभामा समयमा नविकरण भई सदस्यता शुल्क तिरी मतदान गर्न पाउने सदस्य संख्याको न्यूनत्तम पच्चीस प्रतिशत उपस्थिति हुनुपर्नेछ। सो संख्या नपुगी स्थगित भएको साधारण सभा

पछि तुरुन्तै भोलिपल्ट गरिएको साधारण सभामा जतिसुकै सदस्य उपस्थिति भए पनि उपस्थित संख्यालाई नै गणपूरक संख्या पुगेको मानिने छ।

**२७. बहुमतद्वारा निर्णय हुने:**

२७.१ यस विधानमा अन्यथा उल्लेख भएकोमा बाहेक गणपूरक संख्या पुगी विधिवत् बसेको साधारण सभा वा विशेष साधारण सभामा उपस्थित सदस्य संख्याको बहुमतले गरेको निर्णय मान्य हुनेछ।

२७.२ साधारण सभाको निर्णय पुस्तिका अध्यक्ष, महानिर्देशक र सभाबाट एक जना सदस्यले हस्ताक्षर गरी प्रमाणित गर्ने छन् र सोही बमोजिमको निर्णय नै मूल अभिलेख हुनेछ।

## परिच्छेद-५

## महासंघको कार्यकारिणी समितिको गठन, काम, कर्तव्य र अधिकार

**२८. महासंघको संरचना:**

२८.१ महासंघको संरचना देहाय बमोजिम हुनेछ:-

(क) साधारण सभा

(ख) बिशेष साधारण सभा

(ग) कार्यकारिणी समिति

(घ) स्थायी समिति

(ङ) पदाधिकारी समिति

(च) सल्लाहकार समिति

(छ) अनुशासन समिति

(ज) परिषद्हरू

(अ) जिल्ला नगर परिषद्

(आ) वस्तुगत परिषद्

(इ) रोजगारदाता परिषद्

(ई) महिला उद्यमी परिषद्

(झ) समितिहरू

(ञ) प्रदेश कार्यकारिणी समिति

**२९. कार्यकारिणी समिति:**

२९.१. महासंघमा एक कार्यकारिणी समिति रहनेछ।

२९.२ उपदफा २९.१. बमोजिमको कार्यकारिणी समितिको गठन देहाय बमोजिम हुनेछ:

| | | |
|---|---|---|
| (क) | महासंघको अध्यक्ष | अध्यक्ष |
| (ख) | महासंघको निवर्तमान अध्यक्ष | निवर्तमान अध्यक्ष |
| (ग) | महासंघको वरिष्ठ उपाध्यक्ष | वरिष्ठ उपाध्यक्ष |

(घ) महासंघका उपाध्यक्षहरु | उपाध्यक्ष

घ.१ जिल्ला नगर तर्फबाट दुई जना

घ.२ वस्तुगत तर्फबाट एक जना

घ.३ एसोसिएटस् द्विराष्ट्रिय तर्फबाट एक जना

घ.४ महिला उपाध्यक्ष एक जना

(ङ) महासंघको कोषाध्यक्ष | कोषाध्यक्ष

(च) महासंघका सदस्यहरु

| | | |
|---|---|---|
| च.१ | प्रदेश अध्यक्षहरु सात जना | सदस्य |
| च.२ | उद्योग वाणिज्य संघहरुको खुलातर्फबाट कम्तीमा दुई जना महिलासहित सत्र जना | सदस्य |
| च.३ | उद्योग वाणिज्य संघ सदस्यमध्ये प्रत्येक प्रदेशबाट निर्वाचित दुई जनाका दरले (प्रदेशगत उम्मेवारी र समूहगत निर्वाचित हुने) सात प्रदेशबाट चौध जना | सदस्य |
| च.४ | वस्तुगत तर्फबाट निर्वाचित हुने कम्तीमा एक जना महिला सहित चौध जना | सदस्य |
| च.५ | वस्तुगत महासंघमा पन्ध्रभन्दा बढि सदस्य भएमा निर्वाचित हुने दुई जना | सदस्य |
| च.६ | द्विराष्ट्रिय संघहरुबाट निर्वाचित एक जना | सदस्य |
| च.७ | एसोसिएट्स सदस्यमध्येबाट कम्तीमा दुई जना महिला सहित उन्नाइस जना | सदस्य |
| च.८ | महासंघद्धारा प्रवर्धित नेपाल युवा उद्यमी मञ्चको (पदेन) अध्यक्ष | सदस्य |
| च.९ | संस्थापक सदस्यहरु बाह्र मध्येबाट दुई जना | सदस्य |
| च.१० | अध्यक्षद्वारा मनोनीत सबै सदस्य समूहको प्रतिनिधित्व हुनेगरी कम्तीमा दुई जना महिला सहित सात जना | सदस्य |

२९.३ उपदफा २९.२ मा जुन सुकै कुरा लेखिएको भए तापनि यो विधान लागू हुदाका बखत कायम वरिष्ठ उपाध्यक्ष आगामी एक कार्यकालको लागि स्वतः अध्यक्ष हुनेछ र सो पश्चात महासंघको अध्यक्षको प्रत्यक्ष निर्वाचन हुनेछ।

२९.४ महासंघको निवर्तमान अध्यक्ष महासंघको अध्यक्ष पछिको मर्यादाक्रममा रहनेछ र कुनै कारणबाट निवर्तमान अध्यक्ष नरहेमा वा नभएमा निज भन्दा अघिको अध्यक्ष कार्यकारिणी समितिमा पदेन सदस्य हुनेछ। निवर्तमान अध्यक्षको मर्यादाक्रम अध्यक्ष पछिको हुनेछ तर अध्यक्षको कार्यकारिणी अधिकार प्रयोग गर्ने सम्वन्धमा भने अध्यक्ष पछि वरिष्ठ उपाध्यक्ष र निजको पनि अनुपस्थितिमा उपाध्यक्षहरूले वरियता क्रमबाट गर्ने छन्।

२९.५ महासंघमा एक जना वरिष्ठ उपाध्यक्ष रहनेछ र वरिष्ठ उपाध्यक्ष कुनै पनि सदस्य समूहमध्येबाट कम्तीमा तीन कार्यकाल सदस्य भैसकेको बहालवाला कार्यकारिणी समिति

सदस्य वा एक कार्यकाल पदाधिकारी भैसकेको मध्येबाट कार्यकारिणी समितिले वरिष्ठ उपाध्यक्ष चयन गर्नेछ।

२९.६ एसोसियट्स द्विराष्ट्रिय तर्फबाट एक जना उपाध्यक्ष रहनेछ।
स्पष्टिकरण: यस उपदफा बमोजिम बीस वटा भन्दा बढी द्विराष्ट्रिय संघहरू सदस्य भएमा सो समूहबाट एक जना उपाध्यक्ष निर्वाचित हुनेछ।

२९.७ महिला उपाध्यक्ष सम्पूर्ण कार्यकारिणी समितिमध्येबाट निर्वाचित हुनेछ। दुई कार्यकाल सदस्य भइसकेको बहालवाला सदस्य मात्र उक्त पदमा उम्मेदवार बन्न सक्नेछ। कार्यकारिणी समितिमा कम्तीमा बाह्र जना महिला सदस्य भएमा मात्र महिला उपाध्यक्ष एक जना हुनेछ।

२९.८ महासंघमा रहने एक जना कोषाध्यक्ष सम्पूर्ण कार्यकारिणी समिति मध्येबाट चयन हुने छ र कम्तीमा दुई कार्यकाल सदस्य भइसकेको बहालवाला सदस्य मात्र उक्त पदमा उम्मेदवार बन्न सक्नेछ।

२९.९ महासंघको कार्यकारिणी समितिको सदस्यमा प्रदेश अध्यक्षहरु पदेन सदस्य सात जना रहनेछन् र यीनको मर्यादाक्रम पदाधिकारी पछि हुनेछ।

२९.१० वस्तुगत महासंघमा पन्ध्र जना भन्दा बढी सदस्य भएमा मात्र त्यस्तो महासंघबाट दुई जना सदस्य निर्वाचित हुन सक्नेछन्।

२९.११ द्विराष्ट्रिय संघहरूबाट एक जना सदस्य निर्वाचित हुनेछ। बीस वटा भन्दा बढी द्विराष्ट्रिय संघहरू सदस्य भएमा दुई जना सदस्य निर्वाचित हुनेछन् र जिल्ला नगर तथा वस्तुगत समूहबाट केन्द्रीय सदस्य महिला उम्मेदवार बन्नको लागि कम्तीमा एक कार्यकाल सम्बन्धित संस्थाको पदाधिकारी भैसकेको हुनु पर्नेछ।

२९.१२ महासंघद्धारा प्रवद्र्धित नेपाल युवा उद्यमी मञ्च (Nepalese Young Entreprenuers Forum (NYEF)) को अध्यक्ष महासंघको कार्यकारिणी समितिको पदेन सदस्य हुनेछ र त्यसरी पदेन सदस्य हुन नेपाल युवा उद्यमी मञ्चको विधानमा महासंघको विधान स्वीकार गर्ने र महासंघको युवा समूहको रूपमा रहने गरी व्यवस्था भएको हुनुपर्नेछ।

## ३०. कार्यकारिणी समितिको काम, कर्तव्य तथा अधिकार:

३०.१ महासंघको कार्यकारिणी समितिको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछः

(क) विधानमा उल्लेखित सबै काम गर्ने गराउने,

(ख) महासंघको कार्य संचालनार्थ आवश्यकता अनुसार विभिन्न परिषद् समिति, उपसमिति तथा विशेषज्ञहरूको समूह गठन गर्ने, सल्लाहकार नियुक्ति गर्ने, विघटन गर्ने र काम, कर्तव्य तोकी निर्वाचित वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष वा कार्यकारिणी समिति सदस्यहरूलाई समिति, उप समितिहरू जिम्मा दिई काम कार्यवाहीमा समन्वय ल्याई प्रभावकारी बनाउने,

(ग) यस विधानसँग नबाझिने गरी कर्मचारी सेवा शर्त नियमावली, आर्थिक नियमावली र अन्य आवश्यक नियम, कार्यविधि मापदण्ड बनाउने, लागू गर्ने, संशोधन गर्ने वा खारेज गर्ने,

(घ) महासंघको नीति निर्माण गर्ने, बजेट तथा कार्यक्रम पारित गर्ने तथा महासंघका अन्य कामहरू सो अनुरूप भए नभएको हेर्ने,

(ङ) महासंघको आर्थिक अवस्था सुदृढ मजबुत बनाउने उपाय अवलम्बन गर्ने, चल अचल सम्पत्ति जोडने, सुरक्षित राख्ने, लिज वा भाडामा लिने दिने, उपभोग गर्ने, गर्न लगाउने, महासंघको आवश्यकता अनुसार ऋण लिने वा दिने,

(च) परिषद्, समिति, उपसमितिहरू तथा पदाधिकारीहरूको प्रतिवेदन प्रस्ताव उपर छलफल गरी निर्णय लिने,

(छ) सदस्यहरूले दिएको निवेदन, माग, दर्खास्त आदिका सम्बन्धमा उपयुक्त निर्णय लिने,

(ज) महासंघको उन्नति, प्रगति र विकासमा महत्वपूर्ण योगदान पु-याउने व्यक्ति, संस्था, सदस्य वा कर्मचारीलाई समितिले उपयुक्त ठह-याएको उपाधि, सम्मान, पुरस्कार प्रदान गर्ने,

(झ) महासंघको तर्फबाट गर्नुपर्ने तमसुक, सम्झौता, कबुलियत र अधिकार पत्र जस्ता लिखतमा दस्तखत गर्ने तथा प्रमाणित गर्ने अख्तियारी प्रदान गर्ने,

(ञ) औद्योगिक तथा व्यापारिक विवाद, झगडा र असहमतिलाई शान्तिपूर्ण रूपमा विवाद समाधानका बैकल्पिक उपायहरू मार्फत समाधान गर्न प्रयत्न गर्ने,

(ट) नियमावलीको व्यवस्थाद्वारा आन्तरिक कार्यविधि तय गर्ने।

३०.२ कार्यकारिणी समितिले आफ्नो अधिकार आवश्यकतानुसार कुनै परिषद्, समिति, उपसमिति, पदाधिकारी सदस्य वा कर्मचारीलाई प्रत्यायोजित गर्न सक्नेछ। तर प्रत्यायोजित अधिकार पुनः प्रत्यायोजन हुन सक्ने छैन।

३०.३ यस विधान अन्तर्गत गठित परिषद्, समितिहरू र उपसमितिहरू कार्यकारिणी समिति प्रति जवाफदेही हुने छन्।

## ३१. कार्यकारिणी समितिको बैठकः

३१.१ कार्यकारिणी समितिको बैठक वर्षमा कम्तीमा छ पटक हुनेछ र दुई बैठकको बीचको अवधि सामान्यतया ३ महिना भन्दा बढी हुने छैन। आवश्यकता अनुसार कार्यकारिणी समितिको बैठक अभौतिक (Virtual) बिधिबाट पनि गर्न सकिने छ। अभौतिक (Virtual) बिधिबाट बैठक गर्ने बिधि तोकिएबमोजिम हुनेछ।

३१.२ कार्यकारिणी समितिको बैठकमा अन्य प्रतिनिधि उपस्थित हुन सक्ने छैन।

३१.३ कार्यकारिणी समितिको बैठकको निमित्त गणपूरक संख्या बहालमा रहेको कार्यकारिणी समितिका सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ।

३१.४ कार्यकारिणी समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ। तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछन्।

३१.५ अध्यक्षको निर्देशनमा महानिर्देशकले कार्यकारिणी समिति बैठक बोलाउने छन्।

३१.६ अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ। अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता बरिष्ठ उपाध्यक्षले गर्नेछ र निजको पनि अनुपस्थितिमा वरियता क्रमबाट उपाध्यक्षले गर्नेछ।

३१.७ कार्यकारिणी समितिका सदस्यहरूमध्ये कम्तीमा पच्चिस प्रतिशतले विषय खुलाई समितिको बैठक बोलाउने माग गरेमा बढीमा पन्ध्र दिनभित्र अध्यक्षले समितिको बैठक बोलाउनेछ।

३१.८ कार्यकारिणी समितिको बैठक बोलाउने विषयसूचीसमेत समावेश गरी कम्तीमा सात दिनको पूर्व सूचना पत्र वा कार्यकारी समितिका सदस्यले उपलब्ध गराएको इमेल ठेगानामा दिइएको हुनुपर्छ। तर गणपूरक संख्या नपुगी स्थगित भएको सोही विषयको बैठक चौविस घण्टाको पूर्व सूचना दिई पुनः बोलाउन सकिनेछ। त्यस्तो बैठकमा जतिसुकै सदस्य उपस्थित भएपनि गणपूरक संख्या पुगेको मानिनेछ। कुनै विशेष कारणवस अभौतिक (Virtual) बैठक बोलाउन परेमा तीन दिनको पूर्व सूचना दिनुपर्नेछ।

३१.९ अध्यक्षको सहमतिमा महानिर्देशकले कार्यकारिणी समितिमा छलफल गर्ने विषय तय गर्ने छन् र कार्यकारिणी समितिमा छलफल गर्ने विषयको सूची सामान्यतया देहाय बमोजिम हुनेछन्:

(क) महानिर्देशकको प्रतिवेदन,

(ख) परिषद्, प्रदेश उद्योग वाणिज्य महासंघहरू, समिति सम्बन्धी प्रतिवेदन,

(ग) समसामयिक महत्वपूर्ण विषयमा सचिवालय वा विशेषज्ञबाट तयार भएका कार्यपत्र वा प्रस्ताव, र

(घ) अध्यक्षले तोकेको अन्य विषय।

३१.१० अध्यक्षले अनुमति दिएमा बाहेक विषय सूचीमा नपरेका कुनै विषयमा बैठकले छलफल गर्ने छैन।

## परिच्छेद-६

## <u>समितिहरु र परिषद्हरु</u>

### ३२. स्थायी समिति:

३२.१ महासंघमा एक स्थायी समिति रहनेछ।

३२.२ उपदफा ३२.१ बमोजिमको स्थायी समितिको गठन कार्यकारिणी समिति अध्यक्षको अध्यक्षतामा देहाय बमोजिमका सदस्य रहने गरी गठन हुनेछ:

| | | |
|---|---|---|
| (क) | कार्यकारिणी समितिको अध्यक्ष | अध्यक्ष |
| (ख) | महासंघको निवर्तमान अध्यक्ष | सदस्य |
| (ग) | महासंघको वरिष्ठ उपाध्यक्ष | सदस्य |
| (घ) | महासंघका उपाध्यक्षहरू | सदस्य |
| (ङ) | महासंघको कोषाध्यक्ष | सदस्य |
| (च) | महासंघका प्रदेश महासंघमा निर्वाचित अध्यक्षहरू सात) जना | सदस्य |
| (छ) | कार्यकारिणी समिति सदस्य मध्येबाट मनोनीत पाँच जना | सदस्य |

स्थायी समितिले गरेको निर्णय कार्यकारिणी समितिको निर्णय सरह हुनेछ। तर त्यस्तो निर्णय भएको लगत्तै पछि बस्ने कार्यकारिणी समितिलाई सो निर्णयको जानकारी गराउनु पर्नेछ।

३२.३ स्थायी समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। सो बैठकको लागि गणपूरक संख्या एकाउन्न प्रतिशत हुनेछ। बैठकमा बहुमतको निर्णय मान्य हुनेछ। मत बराबर भएमा

अध्यक्षलाई निर्णायक मत दिने अधिकार हुनेछ। बैठकको गणपूरक संख्या नपुगेमा अध्यक्षले तत्काल सूचना दिई बैठक संचालन गर्न सक्नेछ। सो बैठकमा जति संख्या उपस्थित भएपनि सो उपस्थिति नै गणपूरक संख्या पुगेको मानिनेछ।

३२.४ स्थायी समितिको बैठकमा अन्य प्रतिनिधि उपस्थित हुन सक्ने छैन।

३२.५ अध्यक्षले बैठकको अध्यक्षता गर्ने छन्। अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता वरिष्ठ उपाध्यक्षले गर्नेछ। वरिष्ठ उपाध्यक्ष पनि उपस्थित नभएमा उपाध्यक्षहरूले वरियताको क्रमबाट गर्नेछन्।

३२.६ अध्यक्षको निर्देशनमा महानिर्देशकले स्थायी समितिको बैठक बोलाउने छन्।

३२.७ स्थायी समितिले देहाय बमोजिमका काम, कर्तव्य तथा अधिकारको प्रयोग गर्नेछ:

(क) कार्यकारिणी समितिको बैठक तत्कालै बस्न नसक्ने अवस्थामा कार्यकारिणी समितिले तत्कालै निर्णय गर्नुपर्ने अत्यन्त जरुरी विषयमा निर्णय लिने,

(ख) कार्यकारिणी समितिले तोकेका काम, कर्तव्य तथा अधिकारको प्रयोग गर्ने,

(ग) प्रशासनिक, वित्तीय तथा संगठनात्मक सुधारका काम कुराहरू गर्ने,

(घ) आवश्यकता अनुसार विशेषज्ञसमेत समावेश गरी कार्यदल वा अस्थायी समूह गठन गरी काम, कर्तव्य र अधिकार तोक्ने, प्रतिवेदन लिने,

(ङ) स्थायी समितिले बैठकसम्बन्धी आफ्नो कार्यविधि आफैले तयगर्नेछ।

## ३३. पदाधिकारी समिति:

३३.१ महासंघको कार्य सम्पादन, निर्देशन तथा सञ्चालन गर्नका लागि अध्यक्षको अध्यक्षतामा देहायका पदाधिकारी रहेको एक पदाधिकारी समिति रहनेछ:

(क) अध्यक्ष

(ख) निवर्तमान अध्यक्ष

(ग) वरिष्ठ उपाध्यक्ष

(घ) उपाध्यक्षहरू

(ङ) कोषाध्यक्ष

३३.२ पदाधिकारी समितिको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ:-

(क) महासंघको उद्देश्य प्राप्ति तथा उद्योगी व्यवसायीहरूको हक हित संरक्षणको लागि समसामयिक विषयमा आवश्यक कार्य गर्ने, प्रतिनिधित्व गर्ने,

(ख) उद्योगी तथा व्यवसायीहरूलाई पर्न आएको समस्याको समाधान गर्न पहल गर्ने,

(ग) कार्यकारिणी समिति, साधारण सभा र विशेष साधारण सभाले गरेको निर्णयहरूको कार्यान्वयन गर्ने गराउने,

(घ) कार्यकारिणी समितिबाट अनुमोदन गराउने गरी आवश्यक नीतिगत निर्णयहरू गर्ने र सोलाई कार्यान्वयन गर्ने गराउने,

(ङ) महासंघको वार्षिक कार्यक्रम अनुरूपका कार्यक्रमहरू स्वीकृत बजेट अन्तर्गत रही सञ्चालन गर्न लगाउने, भैसकेका कार्यक्रमहरूको मूल्याङ्कन गर्ने, आवश्यक भएमा सुधार गर्ने,

(च) महासंघको कर्मचारी नियमावलीको अधिनमा रही कर्मचारी नियुक्त गर्ने, निर्देशन दिने, नियन्त्रण गर्ने, सेवाबाट हटाउने,

(छ) महासंघको आर्थिक कारोवार तथा खर्चको पुनरावलोकन गर्ने तथा कार्यकारिणी समितिबाट अनुमोदन गर्ने गरी रकमान्तर गर्ने,

(ज) महासंघद्वारा सञ्चालित परियोजनाको सुसञ्चालन, कार्यान्वयन, सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने,

(झ) महासंघको कोषको प्रवद्र्धन र सम्बद्र्धन गर्ने, गर्न लगाउने,

(ञ) वार्षिक कार्यक्रम र बजेट बनाई स्वीकृतिको लागि कार्यकारिणी समितिमा पेश गर्ने,

(ट) पदाधिकारी समितिका बैठकहरूको निर्णय आगामी कार्यसमितिमा जानकारी गराउने,

(ठ) बैंक खाता खोल्ने र सञ्चालन गराउने,

(ड) महासंघको उद्देश्य पुरा गर्ने वा गर्न लगाउने।

३३.३ अध्यक्षको निर्देशनमा महानिर्देशकले पदाधिकारी समितिको बैठक बोलाउने छन्। पदाधिकारी समितिको बैठक कम्तीमा वर्षमा छ पटक बस्नुपर्नेछ। सो बैठकको लागि गणपूरक संख्या एकाउन्न प्रतिशत हुनेछ। बैठकमा बहुमतको निर्णय मान्य हुने छ, मत बराबर भएमा अध्यक्षलाई निर्णायक मत दिने अधिकार हुनेछ।

३३.४ पदाधिकारी समितिले आफ्नो बैठकसम्बन्धी अन्य प्रक्रिया स्वयं व्यवस्थित गर्नेछ।

## ३४. सदस्यता समितिः

महासंघको निवर्तमान अध्यक्षको सभापतित्वमा जिल्ला नगर, वस्तुगत र एशोसिएट तर्फका उपाध्यक्षहरू सहित सात सदस्यीय सदस्यता समिति गठन गरिनेछ। उक्त समितिको सदस्य सभापतिको सिफारिशमा अध्यक्षले मनोनीत गर्नेछन्। यस समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः

(क) सदस्यता प्राप्तिका सम्बन्धमा परेका निवेदन माग आदिका सम्बन्धमा छानबिन गर्ने,

(ख) सदस्यता शुल्क निर्धारण गरी कार्यकारिणी समितिमा सिफारिश गर्ने,

(ग) महासंघका सदस्यहरूको अभिलेख स्पष्टसँग राख्ने, राख्न लगाउने,

(घ) सदस्य संघहरूबाट महासंघ समक्ष सदस्यता सम्बन्धमा प्रस्तुत हुने सुझावहरू अध्ययन गर्ने,

(ङ) सदस्यता प्रदान गर्नु अघि थप विवरण बुझ्न आवश्यक भए सो बुझ्ने,

(च) सदस्यता दिने वा नदिने सम्बन्धमा आवश्यक निर्णय लिन कार्यकारिणी समिति समक्ष प्रतिवेदन दिने,

(छ) सभापतिको निर्देशनमा महानिर्देशकले समितिको बैठक बोलाउने छन्,

(ज) समितिले आफ्नो बैठक सम्बन्धी प्रक्रिया एवं कार्य प्रणाली स्वयं व्यवस्थित गर्नेछ।

## ३५. सल्लाहकार समितिः

३५.१ कार्यकारिणी समितिले यस विधानको उद्देश्य प्राप्तिका लागि महासंघका पूर्व अध्यक्षको सभापतित्वमा महासंघका पूर्व अध्यक्षहरू रहेको एक सल्लाहकार समिति गठन गर्न सक्नेछ।

३५.२ उपदफा ३५.१ बमोजिमको सल्लाहकार समितिले देहाय बमोजिमका कार्यहरू गर्नेछः-

(क) महासंघलाई उद्योग वाणिज्य क्षेत्रको विकासका लागि आवश्यक सल्लाह सुझाव उपलब्ध गराउने,

(ख) विधानको व्याख्या सम्बन्धी विवादको समाधानका लागि सहजीकरण गर्ने,

(ग) आर्थिक कूटनीति सम्बन्धी गतिविधिमा महासंघको तर्फबाट परिणाममुखी योगदान गर्ने,

(घ) महासंघले अनुरोध गरेका विषयमा आवश्यकता अनुसार सहयोग गर्ने।

## ३६. अनुशासन समितिः

३६.१ महासंघको पूर्व अध्यक्षको सभापतित्वमा सात सदस्यीय अनुशासन समिति गठन गरिनेछ। उक्त समितिका सदस्य सभापतिको सिफारिशमा अध्यक्षले मनोनीत गर्ने छ।

३६.२ अनुशासन समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ:

(क) महासंघको विधान नियमावली तथा आचार संहिताको पालना नगरेको वा सो विपरीत कुनै कार्य गरेको भनी कार्यकारिणी समितिका पदाधिकारीहरू, सदस्यहरू तथा सदस्य संघहरू उपर उजुरी पर्न आएमा सो उजुरी उपर छानबिन गर्ने,

(ख) छानबिन गर्ने प्रयोजनका लागि आरोप लागेका व्यक्तिलाई आफू समक्ष झिकाई सोधपुछ गर्ने, बयान लिने, प्रमाण संकलन गर्ने तथा स्पष्टीकरण सोध्ने,

(ग) आफू समक्ष पर्न आएका उजुरीका सम्बन्धमा छानबिन गरी ठोस राय सहितको प्रतिवेदन कार्यकारिणी समितिमा प्रस्तुत गर्ने।

३६.३ सभापतिको निर्देशनमा महानिर्देशकले समितिको बैठक बोलाउने छन्।

३६.४ समितिले आफ्नो बैठक सम्बन्धी प्रक्रिया एवं कार्य प्रणाली स्वयं व्यवस्थित गर्नेछ।

## ३७. विषयगत समितिहरूः

३७.१ महासंघ अन्तर्गत बढीमा पच्चीस वटासम्म विषयगत समिति रहने छन्। समितिमा सदस्यको संख्या उन्नाइस जनाभन्दा बढी हुनेछैन। यस समितिको सभापति कार्यकारिणी समिति सदस्य हुनुपर्नेछ।

३७.२ समितिको नाम, संख्या कार्य क्षेत्र लगायतका विषयहरू समय र आवश्यकता अनुसार अध्यक्षले तोक्ने छन्।

३७.३ समितिको सभापति कार्यकारिणी समितिको सल्लाहमा अध्यक्षले तोक्नेछ।

३७.४ समितिको उपसभापति र सदस्यहरू अध्यक्षले सभापतिसँग परामर्श गरी तोक्न सक्ने छन्।

३७.५ समितिमा एक जना सभापति, एक जना उपसभापति र सदस्यहरू रहने छन्।

३७.६ समितिको काम, कर्तव्य र अधिकार कार्यकारिणी समितिले निर्धारण गरे बमोजिम हुनेछ।

## ३८. परिषद्हरू:

३८.१ महासंघमा देहायबमोजिमका परिषद् रहने छन्:

(क) उद्योग वाणिज्य परिषद्

(ख) वस्तुगत परिषद्

(ग) रोजगारदाता परिषद्

(घ) द्विराष्ट्रिय परिषद्

(ङ) महिला उद्यमी परिषद्

३८.२ उपदफा ३८.१ को खण्ड (घ) बमोजिमको द्विराष्ट्रिय परिषद्को लागि द्विराष्ट्रिय उद्योग वाणिज्य संघको सदस्य संख्या बीसभन्दा बढी भएमा मात्र परिषद् गठन हुनेछ।

## ३९. उद्योग वाणिज्य परिषद्:

३९.१ महासंघमा एक उद्योग वाणिज्य परिषद् रहनेछ।

३९.२ उपदफा ३९.१ बमोजिमको उद्योग वाणिज्य परिषदमा जिल्ला नगर क्षेत्रबाट केन्द्रीय कार्यकारिणी समितिमा निर्वाचित उपाध्यक्षको सभापतित्वमा देहाय बमोजिमका सदस्यहरु रहने गरी परिषद् गठन हुनेछन्:

(क) सम्बन्धित सदस्य समूहबाट महासंघको कार्यकारिणी समितिमा निर्वाचित सदस्यहरू।

(ख) सभापतिको सिफारिसमा खण्ड (क) बमोजिम सदस्य संख्याको पचास प्रतिशतमा नबढाई सम्बन्धित संघ सदस्य मध्येबाट अध्यक्षद्वारा मनोनीत सदस्य।

(ग) परिषद्को सभापतिको सिफारिसमा अध्यक्षले परिषद्का सदस्य मध्येबाट एक जना उपसभापति चयन गर्नेछन्। उपसभापति अनिवार्य रुपमा कार्यकारिणी समितिको सदस्य हुनुपर्नेछ।

(घ) परिषद्को बैठक वर्षमा कम्तीमा वर्षमा दुई पटक बस्नु पर्नेछ।

## ४०. उद्योग वाणिज्य परिषद्को काम कर्तव्य:

उद्योग वाणिज्य परिषद्को काम कर्तव्य देहाय बमोजिम हुनेछ:

(क) आफ्नो वर्गका सदस्यबीच समन्वय एवं समझदारी कायम गर्ने,

(ख) महासंघको उद्देश्य पूर्तिको लागि आफ्नो वर्गलाई परिचालन गर्ने,

(ग) कार्यकारिणी समितिले पारित गरेको नीति एवं निर्णयहरू लागू गराउने,

(घ) अध्यक्ष एवं कार्यकारिणी समितिले मागेका विषयमा सुझाव दिने,

(ङ) महासंघ समक्ष परिआउने समस्याहरूको पहिचान गर्ने,

(च) आफ्ना वर्गका सदस्यहरूको समस्या पहिचान गरी तिनीहरूको समाधानका उपायहरू कार्यकारिणी समितिमा प्रस्तुत गर्ने,

(छ) आफ्नो वर्ग र क्षेत्रसँग सम्वन्धित विषयमा अध्ययन अनुसन्धान गर्ने तथा त्यसबाट प्राप्त निष्कर्ष तथा सुझावहरू कार्यान्वयनको लागि पेश गर्ने,

(ज) आफ्नो वर्गको उत्थान र विकासका लागि गर्नुपर्ने र गर्न सकिने ठोस सुझाव महासंघ समक्ष प्रस्तुत गर्ने,

(झ) आफ्नो वर्ग र अरु वर्गका संघबीच सुमधुर सम्बन्ध राख्दै साझा हित र प्रगतिका विषयमा महासंघ समक्ष सुझाव प्रस्तुत गर्ने,

(ञ) परिषद्ले आफ्नो वार्षिक कार्यक्रम तय गरी कार्यकारिणी समितिबाट अनुमोदन गराई कार्यान्वयन गर्ने,

(ट) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

## ४१. वस्तुगत परिषद्:

४१.१ महासंघमा वस्तुगत परिषद् रहनेछन्।

४१.२ उपदफा ४१.१ बमोजिमको वस्तुगत परिषदमा वस्तुगत संघ समूहबाट निर्वाचित उपाध्यक्षको सभापतित्वमा देहाय बमोजिमका सदस्यहरू रहने गरी वस्तुगत परिषद् गठन हुनेछन्:

(क) सम्बन्धित सदस्य समूहबाट महासंघको कार्यकारिणी समितिमा निर्वाचित सदस्यहरू।

(ख) सभापतिको सिफारिसमा खण्ड (क) बमोजिम सदस्य संख्याको पचास प्रतिशतमा नबढाई सम्बन्धित संघ सदस्यमध्येबाट अध्यक्षद्वारा मनोनीत सदस्य।

(ग) परिषद्को सभापतिको सिफारिसमा अध्यक्षले परिषद्का सदस्यमध्येबाट एक जना उपसभापति चयन गर्न सक्नेछ। उपसभापति अनिवार्य कार्यकारिणी समितिको सदस्य हुनुपर्नेछ।

(घ) वस्तुगत परिषद्को बैठक वर्षमा कम्तीमा वर्षमा दुई पटक बस्नु पर्नेछ।

## ४२. वस्तुगत परिषद्को काम कर्तव्य:

वस्तुगत परिषद्को काम, कर्तब्य देहाय बमोजिम हुनेछ:

(क) आफ्नो वर्गका सदस्य बीच समन्वय एवं समझदारी कायम गर्ने,

(ख) महासंघको उद्देश्य पूर्तिको लागि आफ्नो वर्गलाई परिचालन गर्ने,

(ग) कार्यकारिणी समितिले पारित गरेको नीति एवं निर्णयहरू लागू गराउने,

(घ) अध्यक्ष एवं कार्यकारिणी समितिले मागेका विषयमा सुझाव दिने,

(ङ) महासंघ समक्ष परिआउने समस्याहरूको पहिचान गर्ने,

(च) आफ्ना वर्गका सदस्यको समस्या पहिचान गरी तिनिहरूको समाधानका उपायहरू कार्यकारिणी समितिमा प्रस्तुत गर्ने,

(छ) आफ्नो वर्ग र क्षेत्रसँग सम्वन्धित विषयमा अध्ययन अनुसन्धान गर्ने तथा त्यसबाट प्राप्त निष्कर्ष तथा सुझावहरू कार्यान्वयनको लागि पेश गर्ने,

(ज) आफ्नो वर्गको उत्थान र विकासका लागि गर्नुपर्ने र गर्न सकिने ठोस सुझाव महासंघ समक्ष प्रस्तुत गर्ने,

(झ) आफ्नो वर्ग र अरु वर्गका सदस्य संघबीच सुमधुर सम्वन्ध राख्दै साझा हित र प्रगतिका विषयमा महासंघ समक्ष सुझाव प्रस्तुत गर्ने,

(ञ) परिषद्ले आफ्नो वार्षिक कार्यक्रम तय गरी कार्यकारिणी समितिबाट अनुमोदन गराई कार्यान्वयन गर्ने,

(ट) तोकिए बमोजिमको अन्य कार्य गर्ने।

## ४३. रोजगारदाता परिषद्:

४३.१ महासंघको कार्यकारिणी समितिमा एशोसिएट सदस्य समूहबाट निर्वाचित उपाध्यक्ष रोजगारदाता परिषद्को सभापति हुनेछन्। निजको सभापतित्वमा सोही समूहका समितिका सदस्यहरू र देहायबमोजिमका सदस्यहरू रहने गरी एक रोजगारदाता परिषद् गठन हुने छ। परिषद्का सदस्यहरू मध्येबाट सभापतिको सिफारिसमा अध्यक्षले एक जना उपसभापति चयन गर्ने छन्। उपसभापति अनिवार्य कार्यकारिणी समितिको सदस्य हुनुपर्ने छ।

(क) रोजगारदाता इकाइ रहेका उद्योग वाणिज्य संघहरू मध्येबाट सभापतिको परामर्शमा महासंघका अध्यक्षबाट मनोनीत तीन जना सदस्य,

(ख) रोजगारदाता इकाइ रहेका वस्तुगत संघहरूमध्येबाट सभापतिको परामर्शमा महासंघका अध्यक्षबाट मनोनीत दुई जना सदस्य,

(ग) एशोसिएट सदस्यहरूमध्येबाट सभापतिको परामर्शमा महासंघका अध्यक्षबाट मनोनीत दश जना सदस्य,

(घ) सभापतिको परामर्शमा विभिन्न क्षेत्र, वर्ग तथा समूहबाट मनोनीत पाँच जना सदस्य।

४३.२ रोजगारदाता परिषद्को बैठक, कार्य प्रणाली आदि व्यवस्थित गर्न यस परिषद्ले आवश्यकता अनुसार आफ्नो कार्यविधि आफै बनाई लागू गर्न सक्नेछ। यस परिषदमा बहुमतको निर्णय मान्य हुनेछ। मत बराबर भएमा सभापतिलाई निर्णायक मत दिने अधिकार हुनेछ।

४३.३ रोजगारदाता परिषद्को गठनको मुख्य उद्देश्य देहाय बमोजिम रहेकाछन्:

(क) रोगारदाताको हकहितका लागि कार्य गर्ने,

(ख) रोजगारदाताहरुको हकहितको संरक्षण गर्दै उद्योग व्यवसायको विकास र विस्तार गरी रोजगारीका नयाँ अवसर सृजना र विकास गर्ने,

(ग) समान उद्देश्य भएका राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संघ, संस्था, संगठन वा निकायसंग भाईचाराको सम्बन्ध विकास गर्ने,

(घ) रोजगारदाताहरुको हक, हितको सरक्षण गर्न रोजगारदाताका बीचमा एकता, सद्भाव र मैत्री कायम राख्ने,

(ङ) व्यवस्थापन र श्रमका सम्बन्धमा नयां नयां अवधारणाहरु वारे राष्ट्रिय जागरण पैदा गर्ने,

(च) रोजगारदाताको हित रक्षा गर्न उनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सवल संगठनका रुपमा प्रस्तुत हुने,

(छ) असल श्रम सम्वन्ध कायम गर्न वातावरण सृजना गर्ने।

४३.४ रोजगारदाता परिषद्को काम र कर्तव्य देहायबमोजिम हुनेछन्:

(क) रोजगारदाताहरूको संगठनका रुपमा प्रतिनिधित्व एवं काम गर्ने,

(ख) श्रम सम्बन्धी बिषयमा सरकार एवं अन्तराष्ट्रिय श्रम संगठन लगायत अन्तराष्ट्रिय संघसंस्थाहरुसँग समन्वय एवं सहकार्य गर्ने,

(ग) अन्तर्राष्ट्रिय, क्षेत्रीय, विदेशी रोजगारदाताहरूको संघ संस्थासँग आवश्यक सम्बन्ध स्थापित गरि सोसँग सम्बन्धित काम गर्ने,

(घ) नेपाल राज्यभित्र उत्पन्न श्रम समस्या निराकरण गर्न प्रयत्न गर्नु र त्यस्ता समस्याको समाधान लगायत श्रमसम्बन्धी अन्य विषयमा अध्यक्षमार्फत नेपाल सरकारका साथै आवश्यकता अनुसार अन्तर्राष्ट्रिय श्रम संगठन लगायत अन्तर्राष्ट्रिय संस्थासँग समन्वय र सहकार्य गर्ने,

(ङ) उत्पादन एवं उत्पादकत्वमा वृद्धि गर्ने प्रशिक्षणको आयोजना गर्ने वा आयोजना गर्न सहयोग गर्ने,

(च) असल श्रम सम्बन्ध मार्फत काम गर्ने वातावरणमा सुधार ल्याउन प्रयत्नशील हुने,

(छ) व्यवस्थापन र श्रमिकबीचको सुमधुर सम्बन्धबाट देशको औद्योगिक विकासको सम्भावना र दुवै पक्षलाई फाइदा हुने कुरा पहिचान गर्ने,

(ज) सदस्यहरूलाई आवश्यकता अनुसार श्रमसम्बन्धी सल्लाह सुझाव दिने र पैरवी गर्ने,

(झ) नेपाल सरकारद्वारा विधिवत् गठित समिति, कार्यदल, ट्राईब्युनल लगायतमा प्रतिनिधित्व गरी तत्सम्बन्धी काम गर्ने गराउने,

(ञ) श्रम सम्बन्धी कानूनको विषयमा नेपाल सरकारलाई राय सल्लाह दिने,

(ट) संगठनको उद्देश्य पूर्तिको लागि आवश्यक प्रचार प्रसार गर्ने गराउने तथा गोष्ठी, तालीम, सम्मेलन आदि आयोजना गर्ने गराउने,

(ठ) महासंघमा सदस्य नभएका उद्योग वाणिज्य प्रतिष्ठानहरूलाई सहयोग गर्नु परेमा जिल्ला नगर र वस्तुगत संघहरूको माध्यमबाट सेवा उपलव्ध गराई महासंघको सदस्य बन्न उत्प्ररित गर्ने,

(ड) उद्योग वाणिज्य संघ तथा वस्तुगत संघहरूमा रोजगारदाता इकाइ गठन गरी यस्ता इकाइलाई प्रोत्साहन एवं मार्गदर्शन गर्ने।

(ढ) कार्यकारिणी समितिले तोके अनुसार अन्य कार्य गर्ने गराउने।

४३.५ परिषद्को बैठक वर्षमा कम्तीमा चार पटक बस्नुपर्नेछ।

## ४४. महिला उद्यमी परिषद्:

४४.१ महासंघको महिला उपाध्यक्षको सभापतित्वमा कार्यकारिणी समितिका महिला सदस्यहरू र सभापतिको परामर्शमा अध्यक्षले तोकेको अन्य महिला उद्यमी रहेको महिला उद्यमी परिषद्को गठन हुनेछ।

४४.२ महिला उद्यमी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) उद्योग, व्यापार, वाणिज्य तथा सेवा क्षेत्रमा महिला सहभागिता र नेतृत्व विकासका लागि आवश्यक कार्य गर्ने,

(ख) महिला उद्यामीहरू व्यवसायीहरूलाई प्रशिक्षणको आवश्यकता पहिचान गरी उपयुक्त तालिम प्रशिक्षणको व्यवस्थापन गर्न आवश्यक कार्य गर्ने,

(ग) महिला उद्यमीहरूलाई प्राविधिक तथा अन्य व्यावसायिक विषयमा गोष्ठी, सेमिनार, कार्यशाला, मेलाहरूको आयोजना गरी उनीहरूको सीप, दक्षता अभिवृद्धि गर्न सहयोग गर्ने,

(घ) महिला उद्यमीहरूलाई व्यवसाय दर्ता, सञ्चालन, प्रशासन, लेखा, कर लगायतका विषयमा प्रशिक्षित गर्ने, व्यवसायमा आकर्षित गर्ने,

(ङ) महिला उद्यमीलाई महासंघका गतिविधिहरूमा सक्रियतापूर्वक सहभागी गराउन उत्प्रेरणात्मक भूमिका निर्वाह गर्ने,

(च) अन्य उपयुक्त र आवश्यक कार्य गर्ने।

४४.३ महिला उद्यमी परिषद्को बैठक वर्षको कम्तीमा तीन पटक वस्नेछ। परिषद्का गतिविधि तथा निर्णयहरूको जानकारी महासंघ कार्यकारिणी समितिमा वार्षिक रूपमा पेश गर्ने र कार्यकरिणी समितिको निर्णय अनुसार गर्न लगाउनु परिषद्को कर्तव्य हुनेछ।

## परिच्छेद-७

## पदाधिकारीहरुको काम, कर्तव्य तथा अधिकार

### ४५. अध्यक्षको काम, कर्तव्य र अधिकार:

महासंघको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ:

(क) महासंघको नेतृत्व गर्ने,

(ख) महासंघको उद्देश्य पूर्ति निमित्त कार्य गर्ने गराउने,

(ग) वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरूबीच समन्वय गर्ने गराउने,

(घ) महासंघको दैनिक प्रशासनको रेखदेख, नियन्त्रण र निर्देशन दिने,

(ङ) महासंघको तर्फबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आवश्यक प्रतिनिधित्व गर्ने गराउने,

(च) अध्यक्ष कार्यकारिणी समिति र साधारण सभा प्रति जवाफदेही रहने छन्,

(छ) महासंघको साधारण सभा, विशेष साधारण सभा, कार्यकारिणी समिति, स्थायी समिति, पदाधिकारी समिति तथा विधानले तोकेबमोजिमको बैठक, सभामा सभापतित्व गर्ने,

(ज) महासंघका परिषद् समितिहरूको अनुगमन निरीक्षण एवम् समन्वय गर्ने,

(झ) साधारण सभा, कार्यकारिणी समिति तथा अन्य परिषद् एवं समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने गराउने,

(ञ) महासंघ अन्तर्गतका परिषद, समिति, प्रदेश महासंघ लगायत संघ संस्थाहरूलाई क्रियाशील बनाउन विशेष प्रयत्न गर्ने,

(ट) तत्काल गर्नुपर्ने उपयुक्त र आवश्यक काम गर्ने गराउने,

(ठ) तोकिए बमोजिम अन्य काम गर्ने गराउने।

## ४६. कार्यवाहक अध्यक्षः

४६.१ कम्तीमा सात दिनभन्दा बढी समयसम्म अध्यक्ष नेपाल बाहिर भई वा बिदा लिई अनुपस्थिति भएको अवस्थामा अध्यक्षको कार्यभार अध्यक्षले तोकेको वरिष्ठ उपाध्यक्षले र निज पनि उपलब्ध नभए उपाध्यक्षहरूको वरियताक्रम अनुरूपको अन्य उपाध्यक्षले कार्यवाहक अध्यक्षको जिम्मेवारी सम्हाल्न सक्नेछ।

४६.२ कुनै पनि उपाध्यक्षसमेत उपस्थित नभएको अवस्थामा अध्यक्षले कार्यकारिणी समितिका निर्वाचित सदस्यहरू मध्येबाट कुनै एक सदस्यलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिन सक्नेछन्।

४६.३ कार्यवाहक अध्यक्षले संघको नियमित कामकाज बाहेक अरु कुनै नीतिगत निर्णयमा हेरफेर गर्न र दिर्घकालीन असर पर्ने काम गर्न पाउने छैनन्। कार्यवाहक भई गरेका काम कारबाहीको जानकारी तत्काल अध्यक्षलाई गराउनु पर्नेछ।

## ४७. वरिष्ठ उपाध्यक्षको काम कर्तव्य र अधिकारः

महासंघको वरिष्ठ उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) अध्यक्षको अनुपस्थितिमा कार्यभार सम्हाल्ने तथा बैठकको अध्यक्षता गर्ने,

(ख) अध्यक्ष तथा कार्यकारिणी समिति प्रति उत्तरदायित्व हुने,

(ग) अध्यक्षको अनुपस्थितिमा परिषद्हरू तथा समितिहरूको बैठक तथा गतिविधिको अनुगमन तथा समन्वय गर्ने,

(घ) अध्यक्षको अनुपस्थितिमा प्रदेश महासंघहरूको गतिविधिको अनुगमन र समन्वय गर्ने।

## ४८. उपाध्यक्षहरूको काम, कर्तव्य र अधिकारः

महासंघका उपाध्यक्षहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) महासंघका उपाध्यक्षहरू कार्यकारिणी समिति, अध्यक्ष तथा पदाधिकारी समिति प्रति उत्तरदायी हुने छन्,

(ख) उपाध्यक्षहरूले आआफ्नो क्षेत्रको परिषद्को बैंठकको सभापतित्व गर्नेछन्,

(ग) उपाध्यक्षहरूले महासंघको हित संरक्षण गर्न आवश्यक कुराहरूमा छलफल गराई कार्यकारिणी समिति समक्ष प्रतिवेदन प्रस्तुत गर्नुपर्नेछ,

(घ) उपाध्यक्षहरूले साधारण सभा, कार्यकारिणी समिति, अध्यक्ष तथा पदाधिकारी समितिले तोकेका अन्य कार्यहरू गर्नेछन्,

(ङ) महासंघका उपाध्यक्षले तोकिए बमोजिमका अन्य कार्यहरू गर्नेछन्।

## ४९. कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

महासंघको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) कोषाध्यक्षले महासंघको कोषको सरक्षण र सञ्चालन गर्ने,

(ख) कोषाध्यक्ष, कार्यकारिणी समिति, अध्यक्ष, पदाधिकारी समिति तथा स्थायी समिति प्रति उत्तरदायी हुनेछ,

(ग) कोषाध्यक्षले साधारण सभा, कार्यकारिणी समिति, अध्यक्ष, पदाधिकारी समिति तथा स्थायी समितिले तोकेका अन्य कार्यहरू गर्ने,

(घ) कोषाध्यक्षले महासंघको कोषको वृद्धिको लागि यस विधान र यस अन्तरगत बनेको नियम बमोजिम तोकेका अन्य कार्यहरू गर्नेछ,

(ङ) महासंघको हित सरक्षण गर्न आवश्यक कुराहरूमा बैंठकमा छलफल गराई कार्यकारिणी समिति समक्ष आर्थिक प्रतिवेदन प्रस्तुत गर्ने,

(च) कोषाध्यक्षले महासंघको कोषको बृद्धिको लागि यस विधान र यस अन्तर्गत नियम, बजेट आंकलन, खर्च नियन्त्रण, आर्थिक तथा प्रशासनिक नियमावलीको तर्जुमा गरी कार्यकारिणी समिति, स्थायी समिति, पदाधिकारी समिति बैठकमा पेश गरी स्वीकृत भए बमोजिम कार्य गर्ने गराउनेछ,

(छ) कोषाध्यक्षले तोकिए बमोजिम अन्य कामहरू गर्नेछ।

## ५०. कार्यकारिणी समितिका सदस्यको काम, कर्तव्य र अधिकारः

महासंघका कार्यकारिणी समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) कार्यकारिणी समितिका सदस्यहरू कार्यकारिणी समिति तथा पदाधिकारी समिति प्रति उत्तरदायी हुनेछन्।

(ख) सदस्यहरूले साधारण सभा, कार्यकारिणी समिति तथा पदाधिकारी समितिले तोकेका अन्य कार्यहरू गर्नेछन्।

(ग) महासंघको हित सरक्षण गर्न आवश्यक कुरामा कार्यकारिणी समितिमा छलफल गराई कार्यकारिणी समितिले दिएको सुझाव तथा निर्णय कार्यान्वयन गर्नेछन्।

(घ) महासंघका सदस्यले तोकिए बमोजिम अन्य कामहरू गर्नेछन्।

## ५१. स्वार्थ बाझन नहुनेः

महासंघको पदाधिकारी एवं कार्यकारिणी समिति सदस्यले महासंघको तथा समग्र उद्योगी व्यवसायीको हित संरक्षणलाई सर्वोपरि राखी आफ्नो पदको जिम्मेवारी वहन गर्नुपर्नेछ तथा प्रत्यक्ष स्वार्थ बाझिने गरी कुनै काम वा पद ग्रहण गर्नु हुँदैन।

# परिच्छेद-८
# प्रदेश महासंघ र प्रदेश कार्यकारिणी समिति

## ५२. प्रदेश महासंघसम्बन्धी व्यवस्थाः

५२.१ प्रदेश तहमा नेपाल उद्योग वाणिज्य महासंघको प्रतिनिधित्व गर्ने, महासंघका गतिविधि सम्बन्धित प्रदेशमा सञ्चालन गर्ने, लागू गर्ने र सम्बन्धित प्रदेश सरकार तथा स्थानीय तहसँग

महासंघको तर्फबाट सहकार्य गर्ने गराउने उद्देश्यले प्रचलित कानून बमोजिम हुने गरी नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गत प्रत्येक प्रदेशमा एक एक वटा प्रदेश महासंघ रहनेछन्।

५२.२ उपदफा ५२.१ बमोजिमको प्रदेश महासंघको नामकरण नेपाल उद्योग वाणिज्य महासंघ पश्चात सम्बन्धित प्रदेशको नाम हुनेछ। (जस्तै नेपाल उद्योग वाणिज्य महासंघ वागमती प्रदेश)

५२.३ प्रदेश महासंघको कार्य सञ्चालनका लागि प्रत्येक प्रादेशिक राजधानीमा एक सचिवालय रहनेछ र यस सचिवालय सञ्चालनको लागि एक जना सचिवालय प्रमुखको नियुक्ति केन्द्रीय सचिवालयले गर्नेछ। निजहरूको सेवा, सुबिधा तथा काम कर्तव्य र अधिकार समेत महासंघले तोकी पठाए बमोजिम हुनेछ। प्रदेश सचिवालयमा थप कर्मचारी आवश्यक भएमा प्रदेश आफ्नै स्रोतबाट व्यहोर्ने गरी नियुक्त गर्न सक्ने छन्। सोको जानकारी महासंघ केन्द्रलाई गराउनुपर्ने छ।

५२.४ प्रदेश महासंघको सचिवालयको सम्पूर्ण आम्दानी एवं खर्च महासंघको केन्द्रीय हिसाबमा मिलान गरिनेछ।

५२.५ प्रदेशको सचिवालय प्रमुखले वार्षिक रूपमा प्रदेश महासंघको कार्यक्रम प्रस्तुत गरी बजेट निकासा लिनुपर्नेछ।

५२.६ प्रदेश महासंघको आर्थिक प्रशासन र प्रशासन सम्बन्धी व्यवस्थाको लागि महासंघको साधारण सभाले आवश्यक प्रवन्ध गर्नेछ।

५२.७ प्रदेश महासंघको साधारण सभा प्रदेशको जुनसुकै जिल्ला नगरमा गर्न सकिने छ तर प्रदेश महासंघको निर्वाचन हुने साधारण सभाको हकमा सम्बन्धित प्रदेशको राजधानी मै गर्नुपर्ने छ।

## ५३. प्रदेश कार्यकारिणी समितिको गठन:

५३.१ प्रदेश उद्योग वाणिज्य महासंघका नेपालभित्र रहेका सम्बन्धित प्रदेशका जिल्ला वा नगर सदस्य संघहरूको प्रत्यक्ष निर्वाचन विधिबाट चालिस वा सोभन्दा बढी उद्योग वाणिज्य संघ, पच्चीस वा सो भन्दा बढी वस्तुगत संघ तथा दुई सय वा सो भन्दा बढी एशोसियट्स संघ सदस्य भएको प्रदेश महासंघमा बढीमा एक्काइस जनाको कार्यसमिति रहेको प्रदेश उद्योग वाणिज्य महासंघ गठन हुनेछ।

५३.२ प्रदेशमा रहने प्रदेश उद्योग वाणिज्य महासंघमा देहाय बमोजिमको प्रदेश कार्य समिति रहनेछ:

(क) अध्यक्ष एक जना

(ख) उपाध्यक्ष तीन जना

**<u>द्रष्टव्य</u>**: यस खण्ड बमोजिम रहने उपाध्यक्षमा उद्योग र वाणिज्यबाट एक, वस्तुगतमा पन्ध्र जनाभन्दा बढी सदस्यहरू भए एक जना र एशोसियट्समा एक सय जना भन्दा बढी सदस्य भए एक जना गरी तीन जना रहने छन् ।

(ग) कोषाध्यक्ष एक जना

(घ) कार्यसमिति सदस्यमा देहाय बमोजिम हुनेछन्:

(अ) सम्बन्धित प्रदेशभित्र रहेका जिल्ला वा नगर सदस्य संघहरूको प्रत्यक्ष निर्वाचन विधिबाट निर्वाचित सदस्य पद संख्या बढीमा सात जना,

(आ) सम्बन्धित प्रदेशभित्र रहेका वस्तुगत संघहरूको प्रत्यक्ष निर्वाचन विधिबाट निर्वाचित सदस्य पद संख्या बढीमा तीन जना,

(इ) सम्बन्धित प्रदेशभित्र रहेका एशोसियट्स सदस्यहरूको प्रत्यक्ष निर्वाचन विधिबाट निर्वाचित सदस्य पद संख्या बढीमा तीन जना

(ई) प्रदेश अध्यक्षको सिफारिसमा कार्यसमितिबाट मनोनीत कम्तीमा एक जना महिला सहित बढीमा तीन जना

५३.३ प्रदेश उद्योग वाणिज्य महासंघका नेपालभित्र रहेका सम्बन्धित प्रदेशका जिल्ला वा नगर सदस्य संघहरूको प्रत्यक्ष निर्वाचन विधिबाट चालीसभन्दा कम उद्योग वाणिज्य संघ, पच्चीसभन्दा कम वस्तुगत संघ तथा दुई सयभन्दा कम एशोसियट्स संघ सदस्य भएको प्रदेश महासंघमा बढीमा सत्र जनाको कार्यसमिति रहेको प्रदेश उद्योग वाणिज्य महासंघ गठन हुनेछ। यस्तो प्रदेश उद्योग वाणिज्य महासंघमा पदेन सदस्य बाहेक निम्न अनुसारको कार्यसमिति रहने छः

(क) अध्यक्ष एक जना

(ख) उपाध्यक्ष तीन जना

**द्रष्टव्य:** यस खण्ड बमोजिम रहने उपाध्यक्षमा उद्योग र वाणिज्यबाट एक, वस्तुगतमा पन्ध्र जनाभन्दा बढी सदस्यहरू भए एक जना र एशोसियट्समा एक सय जना भन्दा बढी सदस्य भए एक जना गरी तीन जना रहने छन् ।

(ग) कोषाध्यक्ष एक जना

(घ) कार्यसमिति सदस्यमा देहाय बमोजिम हुनेछन्:

(अ) सम्बन्धित प्रदेशभित्र रहेका जिल्ला वा नगर सदस्य संघहरूको प्रत्यक्ष निर्वाचन विधिबाट निर्वाचित सदस्य पद संख्या बढीमा पाँच जना,

(आ) सम्बन्धित प्रदेशभित्र रहेका वस्तुगत संघहरूको प्रत्यक्ष निर्वाचन विधिबाट निर्वाचित सदस्य पद संख्या बढीमा दुई जना,

(इ) सम्बन्धित प्रदेशभित्र रहेका एशोसियट्स सदस्यहरूको प्रत्यक्ष निर्वाचन विधिबाट निर्वाचित सदस्य पद संख्या बढीमा दुई जना

(ई) प्रदेश अध्यक्षको सिफारिसमा कार्यसमितिबाट मनोनीत कम्तीमा एक जना महिला सहित बढीमा तीन जना

५३.४ माथी उपदफा ५३.२ र ५३.३ मा जुन सुकै कुरा लेखेको भए तापनि प्रदेश उद्योग वाणिज्य महासंघमा वस्तुगत संघहरूको सदस्य संख्या दश वा सो भन्दा कम भएमा एक जना र दश देखि पच्चीस सम्मको लागि दुई जना निर्वाचित सदस्य हुनेछन्। त्यस्तै एशोसियट्स सदस्यको सदस्य संख्या एक सय वा सो भन्दा कम भएमा एक जना र एक सय देखि दुई सयसम्मको लागि दुई जना निर्वाचित सदस्य हुने छन्। यी दुई वर्गबाट निर्वाचित हुने सदस्यहरूको संख्या तोकिएको भन्दा कम भएमा कम भएको संख्या बराबरको सदस्यहरू मनोनीत गरी पन्ध्र

सदस्यीय कार्यकारणी समिति गठन गरिनेछ। प्रदेशको प्रतिनिधित्व गरी महासंघमा केन्द्रीय कार्यकारिणी समितिका सदस्य प्रदेश महासंघको सदस्य स्वतः हुनेछन्।

## ५४. कार्यकारिणी समितिको सदस्य संख्यामा नपुग सम्बन्धी वैधता:

कार्यकारिणी समितिको सदस्य संख्यामा नपुग सम्बन्धी वैधता देहाय बमोजिम हुनेछ:

(क) कार्यकारिणी समितिमा हुनुपर्ने सदस्यहरूको कुल संख्याको बहुमत भएमा कार्यकारिणी समितिको कार्य सञ्चालन गर्न सकिनेछ।

(ख) कार्यकारिणी समितिको रिक्त स्थान पूर्तिका निमित्त यथाशीघ्र कार्यवाही गर्नुपर्नेछ।

(ग) कुनै कारणवश रिक्त स्थान पूर्ति हुन नसकेको अवस्थामा उक्त स्थान गणपूरक संख्यामा गणना गरिने छैन।

## ५५. प्रदेश उद्योग वाणिज्य महासंघको काम, कर्तव्य तथा अधिकार:

प्रदेश उद्योग वाणिज्य महासंघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) महासंघको तर्फबाट नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह समक्ष निजी क्षेत्रका सवाल प्रस्तुत गर्ने गराउने, निजी क्षेत्रको प्रतिनिधित्व गर्ने गराउने र संघ, प्रदेश तथा स्थानीय तहसँग सहकार्य गर्ने गराउने सम्बन्धमा प्रदेश सरकारको समकक्षी निजी क्षेत्रको प्रतिनिधिको रूपमा महासंघको प्रतिनिधित्व गर्ने,

(ख) प्रदेश महासंघले केन्द्रको नीति तथा उद्देश्यसँग नबाझिने गरी कार्य गर्ने,

(ग) प्रदेश महासंघलाई आर्थिक, भौतिक स्रोत साधनबाट सम्पन्न गराउन, आत्मनिर्भर हुने कार्य पहिचान गरी लागू गर्ने,

(घ) नीजि क्षेत्रको नेतृत्वमा आर्थिक विकास गर्ने सम्बन्धमा महासंघको तर्फबाट आवश्यक तयारी गर्ने गराउने,

(ङ) प्रदेश महासंघको अध्यक्ष तथा कार्यसमितिले महासंघले तय गरेको आफ्नो प्रदेशभित्र रहेको जिल्ला वा पालिका उद्योग वाणिज्य संघ, वस्तुगत संघ तथा एशोसियट्स सदस्यहरूको कार्यक्रममा समन्वय र नियमन गर्ने,

(च) प्रदेश महासंघले आफ्नो प्रदेश भित्र देखा परेका समस्याहरूको पहिचान गरी त्यसको समाधानको लागि पहल गर्ने, समाधान हुन नसकेमा महासंघमा लेखी पठाउने, यसको लागि आवश्यकता अनुसार समिति वा उपसमिति बनाउने,

(छ) आफ्नो प्रदेश भित्रको आद्यौगिक व्यवसायिक सम्भावनाको पहिचान गरी सोको प्रचार प्रसार एवं अभिवृद्धिको लागि आवश्यक पहल गर्ने र प्रदेश सरकारसँग सहकार्य गर्ने,

(ज) महासंघबाट प्राप्त सुझाव तथा निर्देशन प्रदेशबाट महासंघमा प्रतिनिधित्व गर्ने कार्यकारिणी समिति सदस्यहरू तथा प्रदेश महासंघको अध्यक्षसँग समन्वय गरी प्रदेश महासंघले सम्बन्धित प्रदेश भित्रका जिल्ला तथा पालिका उद्योग वाणिज्य संघ, वस्तुगत संघ तथा एशोसिएट सदस्यहरू मार्फत कार्यान्वयन गराउन प्रदेश महासंघले समय समयमा अनुगमन वा निरीक्षण गरी विवरण महासंघमा लेखि पठाउने,

(झ) प्रदेश महासंघ सञ्चालन तथा यसले गर्ने काम कर्तव्य र अधिकारको बारेमा प्रदेश प्रदेशबीच वा प्रदेश र जिल्ला वा नगर वा वस्तुगत वा एशोसिएट सदस्यहरू बीच विवाद आएमा यस्तो विवादको विषय महासंघले हेरी त्यसको उपयुक्त निर्णय लिनेछ। महासंघले गरेको निर्णयमा चित्त नबुझेमा त्यसपछि लगत्तै हुने महासंघको साधारण सभामा निर्णयमा चित्त नबुझ्नुको आधार र कारण सहितको पुनरावेदन प्रस्तुत गरी भएको निर्णय अनुसार गर्ने,

(ञ) सदस्यता वितरण नवीकरण र केन्द्रको कार्यमा सहयोग गर्ने,

(ट) प्रदेश महासंघ सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## ५६. प्रदेश कार्यकारिणी समितिका निर्वाचन सम्बन्धी व्यवस्था:

५६.१ प्रदेश अध्यक्ष हुन देहाय बमोजिमकको योग्यता भएको हुनु पर्नेछ:

(क) नेपाली नागरिक,

(ख) नेपाल उद्योग वाणिज्य महासंघको सदस्य भई जिल्ला नगर उद्योग वाणिज्य संघको कम्तीमा एक कार्यकाल अध्यक्ष भई सकेको वा नेपाल उद्योग वाणिज्य महासंघको सदस्य भई केन्द्रको मताधिकार प्राप्त सदस्य रही प्रदेश महासंघको कार्यकारिणी समितिमा जुनसुकै सदस्य समूहबाट कम्तीमा दुई कार्यकाल पदाधिकारी भइसकेको,

(ग) कुनै पनि नैतिक पतन देखिने फौजदारी कसूरमा कसूरदार भई अदालतबाट सजाय नपाएको,

(घ) मानसिक सन्तुलन नबिग्रिएको,

(ङ) साहुको दामासाहीमा नपरेको,

(च) तत्काल कुनैपनि राजनीतिक दलको सदस्य नभएको,

५६.२ प्रदेश अध्यक्षको पदमा कुनै पनि व्यक्ति दुई कार्यकाल भन्दा बढी प्रदेश अध्यक्ष हुन सक्ने छैन।

५६.३ प्रदेश कार्यकारिणी समितिको पदावधि तीन वर्षको हुनेछ र महासंघ केन्द्रमा दुई बर्षको कार्यकाल शुरु भएको मितिदेखि प्रदेश कार्यकारिणी समितिको पदावधि पनि दुई बर्षको नै हुनेछ।

५६.४ प्रदेश अध्यक्षको निर्वाचन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:

(क) प्रदेश महासंघको साधारणसभाले आफ्ना सदस्यहरु मध्येबाट प्रत्यक्ष मतदानद्धारा मतभारको आधारमा पचास प्रतिशतभन्दा वढि मत प्राप्त गर्ने एक जना अध्यक्ष निर्वाचित गर्नेछ।

(ख) अध्यक्षको निर्वाचनमा उद्योग वाणिज्य संघ सदस्यको पचास प्रतिशत, वस्तुगत संघ सदस्यको बीस प्रतिशत तथा एशोसिएट सदस्य र द्विराष्ट्रिय संघ समेत को तीस प्रतिशत गरी सदस्यको मताधिकारलाई सीमित गरी कुल एक सय प्रतिशतमा हिसाव गरी निर्धारण गरिनेछ।

(ग) वस्तुगत संघको हकमा सदस्य संख्या बीस भन्दा कम भएमा प्रत्येक सदस्यको एक प्रतिशत मतभार गनिनेछ र एशोसिएट सदस्यको हकमा सदस्य संख्या नब्बे सदस्य भन्दा कम भएमा प्रत्येक तीन सदस्यको एक प्रतिशत मतभार गनिनेछ।

५६.५ प्रदेश उपाध्यक्षको निर्वाचन: प्रदेश उपाध्यक्षको निर्वाचन सम्बन्धमा व्यवस्था देहाय बमोजिम हुनेछ:

(क) उपाध्यक्षहरू सम्बन्धित संघ सदस्यहरूले आफूमध्येबाट निर्वाचित गर्नेछन्।

(ख) खण्ड (क) बमोजिमको निर्वाचनमा एउटा समूहको सदस्यले अर्को समूहबाट उम्मेदवार हुन पाउने छैन।

५६.६ प्रदेश कोषाध्यक्षको निर्वाचन प्रदेश उपाध्यक्षको निर्वाचनमा सबै समूहका प्रदेश सदस्यहरू मध्येबाट कोषाध्यक्षको प्रत्यक्ष निर्वाचन हुनेछ।

५६.७ प्रदेश कार्यकारिणी समितिका सदस्यहरूको निर्वाचन: प्रदेश कार्यकारिणी समितिका सदस्यको निर्वाचन देहाय बमोजिम हुनेछ:

(क) कार्यकारिणी समितिका सदस्यहरूको निर्वाचन उद्योग वाणिज्य संघ, वस्तुगत संघ र एशोसिएट सदस्यहरूले आफू भित्रबाट मात्र आआफ्नो समूहको लागि गर्नेछन्।

(ख) प्रदेश कार्यकारिणी समितिमा रहने मनोनीत सदस्यहरूको मनोनयन प्रदेश अध्यक्षले गर्नेछ।

## ५७. प्रदेश अध्यक्ष, उपाध्यक्षहरू तथा कोषाध्यक्षको पद रिक्त हुने अवस्था:

देहायको अवस्थामा प्रदेश अध्यक्ष वा उपाध्यक्ष वा कोषाध्यक्षको पद रिक्त हुनेछ:

(क) प्रदेश अध्यक्ष वा उपाध्यक्ष वा कोषाध्यक्षले पद**बाट** कार्यकारिणी समिति समक्ष दिएको राजीनामा स्वीकृत भएमा,

(ख) प्रदेश अध्यक्ष वा उपाध्यक्ष वा कोषाध्यक्षको मृत्यु भएमा,

(ग) कार्यकारिणी समितिको बैठकमा बिना सूचना लगातार तीन पटकभन्दा बढी समय अनुपस्थित भएमा,

(घ) सम्बन्धित प्रदेश अध्यक्ष वा उपाध्यक्ष वा कोषाध्यक्ष उपर अविश्वासको प्रस्ताव पारित भएमा,

(ङ) कार्यकारिणी अधिकार भएको कुनै राजनीतिक प्रकृतिको पदमा नियुक्त, मनोनयन, सिफारिस भएमा, उम्मेदवार बनेमा वा निर्वाचित भएमा,

(च) विधानमा उल्लेखित अयोग्यताहरू सृजित भएको व्यहोरा पछि प्रमाणित भएमा,

(छ) जुन संघ वा संस्थाको तर्फबाट प्रतिनिधि भई महासंघमा प्रतिनिधित्व वा सदस्यता भएको हो त्यस्तो सदस्य संघ संस्था खारेज भएमा,

(ज) प्रतिनिधित्व गर्ने संघ संस्थाको सदस्य नरहेमा,

(झ) कुनै पनि नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट कसुरदार प्रमाणित भई ठहर भएमा।

## ५८. प्रदेश कार्यकारिणी समितिका सदस्यहरूको पद रिक्त हुने अवस्थाः

देहायको अवस्थामा प्रदेश कार्यकारिणी समितिका सदस्यहरुको पद रिक्त हुनेछः

(क) कार्यकारिणी समिति समक्ष निजले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(ख) कार्यकारिणी समितिको बैठकमा बिना सूचना लगातार तीन पटक भन्दा बढी समय अनुपस्थित भएमा,

(ग) निज उपर अविश्वासको प्रस्ताव पारित भएमा,

(घ) विधानमा उल्लिखित अयोग्यताहरू सृजित भएको व्यहोरा पछि प्रमाणित भएमा,

(ङ) महासंघमा प्रतिनिधित्व वा सदस्यता भएको सदस्य संघ, संस्था खारेज भएमा,

(च) प्रतिनिधित्व गर्ने संघ संस्थाको सदस्य नरहेमा,

(छ) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट दोषि ठहर भएमा,

(ज) निजको मृत्यु भएमा।

## ५९. प्रदेश तहमा रिक्त स्थान पूर्तिः

५९.१ कुनै कारणबाट अध्यक्षको पद रिक्त हुन आएमा उपाध्यक्ष मध्ये जेष्ठ उपाध्यक्षले कार्यबाहक अध्यक्ष भै आगामी निर्वाचनसम्म अध्यक्षको कार्यभार ग्रहण गर्नेछ।

५९.२ अध्यक्ष र उपाध्यक्षको हकमा एक वर्षभन्दा बढी अवधिको लागि पद रिक्त हुन आएमा बाँकी अवधिका लागि पुनः निर्वाचन हुनेछ।

५९.३ बहालवाला उपाध्यक्षले अध्यक्षको पदको लागि उम्मेदवारी दिन चाहेमा पहिला आफ्नो पदबाट राजीनामा दिनुपर्ने छ र यस्तो अवस्थामा रिक्त उपाध्यक्ष र अध्यक्षका निर्वाचन एकै साथ हुने छ।

५९.४ रिक्त उपाध्यक्षको पदपूर्ति बढीमा पैंतालिस दिनभित्रमा गरि सक्नुपर्नेछ। उपाध्यक्ष जुन क्षेत्र समूहबाट निर्वाचन गरिएको हो सोही क्षेत्र समूहबाट निर्वाचनको माध्यमबाट पूर्ति गरिनेछ।

५९.५ कार्यकारिणी समितिका कुनै सदस्यको स्थान रिक्त भएमा जुन क्षेत्र समूहको कार्यकारिणी समितिको सदस्यको स्थान रिक्त भएको हो सोही क्षेत्र समूहका सदस्यमध्येबाट कार्यकारिणी समितिले मनोनीत गर्न सक्नेछ।

५९.६ यस दफा बमोजिम रिक्त पदको पूर्ति गर्दा बाँकी पदावधि सम्मका लागि मात्र गरिनेछ।

## ६०. प्रदेश समितिहरूः

प्रदेश कार्यकारिणी समितिले आफ्ना उद्देश्य प्राप्तिको लागि वार्षिक कार्यक्रम अन्तर्गत रही आवश्यक समितिहरू बनाउन सक्नेछन्। प्रत्येक समितिमा बढीमा सात जना सदस्य हुन सक्नेछन्। यी समितिले गरेका काम कारबाहीको विवरण प्रदेश कार्यकारिणी समितिमा पेश गर्नुपर्नेछ।

## ६१. केन्द्रिय महासंघ र प्रदेश महासंघको सम्बन्ध:

महासंघको केन्द्रिय महासंघ र प्रदेश महासंघ बीचको सम्बन्ध देहाय बमोजिम हुनेछ:

(क) प्रदेश महासंघ केन्द्रको इकाइ तथा शाखाको रुपमा रहनेछ।

(ख) केन्द्रको आधिकारिकता र प्रदेशको क्रियाशिलतालाई सिद्धान्तको रुपमा अपनाइनेछ।

(ग) प्रदेश महासंघको पदाधिकारी तथा सदस्यहरुको योग्यता, गठन बिधि, बैठक सञ्चालन, काम, कर्तव्य र अधिकार व्यवस्था तथा अन्य व्यवस्थाहरु सम्बन्धित प्रदेश महासंघको लागि केन्द्रीय महासंघको कार्यसमितिले बनाई लागू गरेको प्रदेश महासंघ सञ्चालन सम्बन्धी नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ।

(घ) बैकिङ्ग कारोवारका लागि प्रदेशबाट खाता सञ्चालन हुने व्यवस्था केन्द्रले मिलाउनेछ।

(ङ) प्रदेश महासंघलाई केन्द्रसँग एकिकृत बनाउन महासंघले आन्तरीक लेखा परिक्षणको माध्यमबाट केन्द्र र प्रदेशको लेखा तथा आय व्याय एकिकृत गरिनेछ।

(च) प्रदेश महासंघले प्रदेश सरकारसँग समन्वय गर्ने तथा केन्द्रको प्रतिनिधिको रुपमा प्रदेश सरकारसँग काम गर्ने तथा सम्बन्धित प्रदेशका जिल्ला तथा पालिकाहरु सँग समन्वय र संयोजन गरी प्रदेशस्तरमा आर्थिक विकासका गतिविधि अघि बढाउनेछ।

# परिच्छेद-९
# निर्वाचन र मतदान

## ६२. निर्वाचन तथा मतदानसम्बन्धी सामन्य व्यबस्थाहरू:

महासंघको निर्वाचन तथा मतदानसम्बन्धी सामन्य व्यबस्था देहाय बमोजिम रहेका छन्:

(क) केन्द्र तथा प्रदेशको निर्वाचनको मिति तोक्ने, निर्वाचन निर्देशिका वा कर्यविधि बनाउने, प्रमुख निर्वाचन अधिकृत लगायत निर्वाचन अधिकृत नियुक्ति गर्ने सबै काम केन्द्रले गर्नेछ।

(ख) प्रदेश महासंघको निर्वाचन सम्भव भएसम्म एकै पटक एकै समयमा हुनेछ। प्रदेश महासंघको निर्वाचन केन्द्रीय कार्यकारिणी समितिको निर्वाचन भन्दा कम्तीमा एक महिना अगावै हुनेछ।

(ग) जिल्ला नगर उद्योग वाणिज्य संघका सदस्यले प्रदेश महासंघको सदस्य रहेमा प्रदेश महासंघको निर्वाचनमा भाग लिन र मतदान गर्न पाउने छन्।

(घ) सदस्य संघ संस्थाले प्रदेश वा केन्द्रमध्येको कुनै एक पदमा एक जना मात्र उम्मेदवारीका लागि मनोनयन गरी पठाउन पाउनेछन्।

(ङ) जुन संस्थाको पदाधिकारी छ सोही संस्थाबाट सिफारिस प्राप्त गरेर मात्र उम्मेदवार बन्न सकिनेछ। एक संस्थाबाट एक पदमा एक जना मात्र उम्मेदवार बन्न सक्नेछ।

(च) निर्वाचनमा भाग लिनको लागि निर्वाचन हुने वर्षको अघिल्लो वार्षिक साधारण सभा सम्ममा सदस्यता लिइसकेको हुनुपर्नेछ। यस प्रयोजनको लागि विशेष साधारण सभालाई गणना गरिनेछैन।

(छ) अध्यक्ष बाहेक अन्य पदहरूको निर्वाचनमा निर्वाचित गर्नुपर्ने पदमा केन्द्र र प्रदेशका सबै पदमा सवैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित भएको मानिनेछ। निर्वाचित गर्नुपर्ने पद

संख्यामा कुनै एकभन्दा बढी उम्मेदवारले बराबर मत प्राप्त गरेमा गोला प्रथाबाट कुनै एक जना निर्वाचित गर्न सकिने छ वा निर्वाचन समितिले पदाधिकारीको सल्लाहमा बराबर कार्यकाल तोक्न सक्नेछ।

**६३. अध्यक्षको योग्यता:**

महासंघको अध्यक्ष हुनका लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनुपर्नेछ:

(क) नेपाली नागरिक,

(ख) महासंघको कार्यकारिणी समितिमा पदाधिकारीको रूपमा कम्तीमा एक कार्यकाल पूरा गरेको,

(ग) नैतिक पतन हुने फौंजदारी कसूरमा अदालतबाट दोषि ठहर नभएको,

(घ) मानसिक सन्तुलन नबिग्रिएको,

(ङ) प्रचलित नेपाल कानून बमोजिम संघ संस्थाको अध्यक्ष हुन अयोग्य नठहरिएको,

(च) तत्काल कुनै पनि राजनीतिक दलको संगठित, क्रियाशील तथा सक्रिय सदस्यता नलिएको,

(छ) साहुको दामासाहीमा नपरेको।

**६४. अध्यक्षको निर्वाचन:**

६४.१ महासंघका सदस्यमध्येबाट प्रत्यक्ष मतदानद्वारा बहुमतको आधारमा कम्तीमा पचास प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने एक जना अध्यक्ष निर्वाचित हुनेछ।

६४.२ उपदफा ६४.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि यस संशोधन विधान लागू हुनु पुर्व निर्वाचित भई हाल कायम भई बहाल रहेको वरिष्ठ उपाध्यक्ष यो संशोधन विधान लागू भएपछिको पहिलो पटकको लागि स्वतः अध्यक्ष हुनेछ र त्यस्तो पहिलो पटकको लागि अध्यक्षको निर्वाचन हुने छैन।

६४.३ अध्यक्षको निर्वाचनमा उद्योग वाणिज्य संघ सदस्यको पचास प्रतिशत, वस्तुगत संघ सदस्यको बिस प्रतिशत तथा एशोसिएट सदस्य र द्विराष्ट्रिय संघ समेतको तिस प्रतिशत गरी सदस्यको मताधिकारलाई सीमित गरी कुल एक सय प्रतिशतमा हिसाब गरी निर्धारण गरिनेछ।

६४.४ महासंघको कुनै पनि सदस्य दुई कार्यकालभन्दा बढी अध्यक्ष हुन पाउँने छैन।

६४.५ महासंघको साधारणसभाले सम्पूर्ण सदस्यमध्येबाट योग्यता पुगेका एक जना अध्यक्ष निर्वाचित गर्नेछ। यसरी निर्वाचित हुने अध्यक्षले निर्वाचनमा खसेको मतको कम्तीमा पचास प्रतिशत र थप एक मत प्राप्त गर्नुपर्नेछ। पहिलो पटक हुने निर्वाचनमा पचास प्रतिशत र थप एक मत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना उम्मेदवारहरू बीच मात्र पुनः निर्वाचन गराइनेछ। यसरी दोस्रो पटक भएको पुन: निर्वाचनमा दुई जनामध्ये बढी मत प्राप्त गर्ने उम्मेदवार अध्यक्षको पदमा निर्वाचित हुनेछ।

**६५. वरिष्ठ उपाध्यक्षको योग्यता:**

महासंघको वरिष्ठ उपाध्यक्ष हुनका लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछ:

(क) नेपाली नागरिक,

(ख) महासंघको कार्यकारिणी समितिमा सदस्यको रूपमा कम्तीमा तीन कार्यकाल सदस्य भैसकेको वहालवाला सदस्य वा महासंघ कार्यकारिणी समितिमा पदाधिकारी भैसकेको,

(ग) कुनैपनि नैतिक पतन हुने फौजदारी मुद्दामा अदालतबाट कसूरदार नठहर भई सजाय नपाएको,

(घ) मानसिक सन्तुलन नबिग्रिएको,

(ङ) प्रचलित कानून बमोजिम संघ संस्थाको पदाधिकारी हुन अयोग्य नठहरिएको,

(च) तत्काल कुनै पनि राजनीतिक दलको संगठित, क्रियाशील, सक्रिय सदस्यता नलिएको।

## ६६. उपाध्यक्षको योग्यता:

६६.१ महासंघको उपाध्यक्ष हुनका लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनुपर्नेछ:

(क) नेपाली नागरिक,

(ख) महासंघको कार्यकारिणी समितिमा सदस्यको रूपमा कम्तीमा दुई कार्यकाल सदस्य भैसकेको,

(ग) नैतिक पतन हुने फौंजदारी कसूरमा अदालतबाट दोषि ठहर भई सजाय नपाएको,

(घ) मानसिक सन्तुलन नबिग्रिएको,

(ङ) प्रचलित नेपाल कानूनबमोजिम संघ संस्थाको पदाधिकारी हुन अयोग्य नठहरिएको,

(च) तत्काल कुनै पनि राजनीतिक दलको संगठित,क्रियाशील वा सक्रिय सदस्यता नलिएको,

(छ) साहुको दामासाहीमा नपरेको।

६६.२ महासंघको उपाध्यक्षको पदमा जुन समुहको उपाध्यक्ष हो त्यहि समुहमा मात्र उपाध्यक्ष हुन सक्नेछ। एउटा समूहको सदस्यले अर्को समूहबाट उम्मेदवार हुन पाउने छैन।

## ६७. कोषाध्यक्षको योग्यता:

महासंघको कोषाध्यक्ष हुनका लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनुपर्नेछ:

(क) नेपाली नागरिक,

(ख) महासंघको कार्यकारिणी समितिमा सदस्यको रूपमा दुई कार्यकाल पूरा गरेको वहालवाला सदस्य,

(ग) कुनै पनि नैतिक पतन हुने फौंजदारी मुद्दामा सजाय नपाएको,

(घ) साहूको दामासाहीमा नपरेको,

(ङ) मानसिक सन्तुलन नबिग्रिएको,

(च) प्रचलित नेपाल कानून बमोजिम संघसंस्थाको पदाधिकारी हुन अयोग्य नठहरिएको,

(छ) तत्काल कुनै पनि राजनीतिक दलको संगठित, क्रियाशील वा सक्रिय सदस्यता नलिएको।

## ६८. कार्यकारिणी समितिका सदस्यको योग्यता:

६८.१ महासंघको कार्यकारिणी समितिमा सदस्य हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ:

(क) नेपाली नागरिक,

(ख) कम्तीमा पच्चिस वर्ष उमेर पूरा भएको,

(ग) नैतिक पतन हुने फौंजदारी कसूरमा अदालतबाट दोषि ठहर नभएको,
(घ) साहुको दामासाहीमा नपरेको,
(ङ) मानसिक सन्तुलन नबिग्रिएको,
(च) प्रचलित नेपाल कानून बमोजिम अयोग्य नठहरिएको।

६८.२ महासंघको सदस्य संघ (उद्योग वाणिज्य संघ समूह, वस्तुगत संघ समूह र द्विराष्ट्रिय संघ समूह) बाट आफूले प्रतिनिधित्व गर्ने संघको अध्यक्ष भएको र महिला उम्मेदवारको हकमा एक कार्यकाल पदाधिकारी भएको हुनुपर्नेछ।

६८.३ उपदफा ६८.२ मा जुनसुकै कुरा लेखिएको भए तापनि महासंघको केन्द्रीय कार्यकारिणी समिति सदस्य भैसकेको हकमा ६८.२ को उपरोक्त व्यवस्था लागू हुनेछैन।

## ६९. कार्यकारिणी समितिका सदस्यको निर्वाचन:

महासंघको कार्यकारिणी समितिका सदस्यहरूको निर्वाचन उद्योग वाणिज्य संघ, वस्तुगत संघ, द्विराष्ट्रिय संघ, एशोसिएट र महासंघको संस्थापक सदस्यहरूले आफूभित्रबाट मात्र आफ्नो आफ्नो समूहको उम्मेदवार बनाउन सक्नेछन्।

## ७०. पदावधि:

७०.१ अध्यक्ष लगायत निर्वाचित कार्यकारिणी समितिको पदावधि दुई वर्षको हुनेछ र यो व्यवस्था हाल बहाल वरिष्ठ उपाध्यक्ष अध्यक्ष भै सकेपछिबाट लागू हुनेछ।

७०.२ यस दफाको प्रयोजनार्थ दुई वर्षको गणना गर्दा निर्वाचनका लागि भएको वार्षिक साधारण सभापछिको दुई वटा वार्षिक साधारण सभाको अवधि जनाउँछ।

## ७१. पद रिक्त हुने अवस्था:

महासंघका अध्यक्ष वा वरिष्ठ उपाध्यक्ष वा उपाध्यक्षहरु वा कोषाध्यक्षको पद देहायको अवस्थामा रिक्त हुनेछ:

(क) कार्यकारिणी समिति समक्ष आफ्नो पदबाट दिएको राजिनामा स्विकृत भएमा,
(ख) कार्यकारिणी समितिको बैठकमा बिना सूचना लगातार तीन पटकभन्दा बढी समय अनुपस्थित भएमा,
(ग) निज उपरको अविश्वासको प्रस्ताव पारित भएमा,
(घ) कार्यकारिणी अधिकार भएको कुनै राजनीतिक प्रकृतिको पदमा नियुक्त, मनोनयन, सिफारिस, उम्मेदार वा निर्वाचित भएमा,
(ङ) विधानमा उल्लेखित अयोग्यताहरु सृजित भएको व्यहोरा पछि प्रमाणित भएमा,
(च) निज जुन संघ वा संस्थाबाट महासंघमा प्रतिनिधित्व गरेको हो त्यस्तो सदस्यता भएको सदस्य संघ वा संस्था खारेज भएमा,
(छ) निज प्रतिनिधित्व गर्ने संघ संस्थाको सदस्य नरहेमा,
(ज) कुनै राजनितिक दलको संगठित वा क्रियाशिल वा सक्रिय सदस्यता लिएमा,

(झ) नैतिक पतन हुने फौजदारी कसूरमा अदालतबाट दोषि ठहर भएमा,

(ञ) निजको मृत्यु भएमा।

## ७२. कार्यकारिणी समितिका सदस्यको पद रिक्त हुने अवस्था:

महासंघका कार्यकारिणी समितिका सदस्यको पद देहायको अवस्थामा रिक्त हुनेछ:

(क) निजले कार्यकारिणी समितिसमक्ष दिएको राजीनामा स्वीकृत भएमा,

(ख) कार्यकारिणी समितिको बैठकमा बिना सूचना लगातार तीन पटकभन्दा बढी समय अनुपस्थित भएमा,

(ग) निज उपर अविश्वासको प्रस्ताव पारित भएमा,

(घ) विधानमा उल्लेखित अयोग्यताहरू सृजित भई सो व्यहोरा पछि प्रमाणित भएमा.

(ङ) जुन संघ वा संस्थाबाट महासंघमा प्रतिनिधित्व गरेको हो त्यस्तो सदस्यता भएको सदस्य संघ वा संस्था खारेज भएमा,

(च) प्रतिनिधित्व गर्ने संघ वा संस्थाको सदस्य नरहेमा,

(छ) नैतिक पतन हुने फौजदारी कसूरमा अदालतबाट दोषि ठहर भएमा,

(ज) निजको मृत्यु भएमा।

## ७३. रिक्त स्थान पूर्ति

७३.१ कुनै कारणबाट छ महिनाभन्दा कम अवधि अध्यक्षको पद रिक्त हुन आएमा वरिष्ठ उपाध्यक्षले कार्यबाहक अध्यक्ष भै आगामी निर्वाचनसम्म अध्यक्षको कार्यभार सञ्चालन गर्नेछ।

७३.२ अध्यक्ष, वरिष्ठ उपाध्यक्ष र उपाध्यक्षको हकमा छ महिनाभन्दा बढी अवधिको लागि पद रिक्त हुन आएमा बाँकी अवधिका लागि निर्वाचन हुनेछ।

७३.३ बहालवाला वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरू र कोषाध्यक्षले अध्यक्ष पदको लागि उम्मेदवारी दिन चाहेमा पहिला आफ्नो पदबाट राजीनामा दिनुपर्नेछ र यस्तो अवस्थामा रिक्त वरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरु, कोषाध्यक्ष र अध्यक्षको निर्वाचन एकै साथ हुनेछ।

७३.४ महासंघमा अध्यक्ष वा वरिष्ठ उपाध्यक्ष वा उपाध्यक्षको पद रिक्त हुन गएमा त्यस्तो रिक्त भएको पदमा बढीमा पैतालीस दिनभित्र पदपूर्ति गरिसक्नुपर्नेछ। उपाध्यक्षहरू जुन क्षेत्र समूहबाट निर्वाचन गरिएको हो सोही क्षेत्र समूहबाट निर्वाचनको माध्यमबाट पूर्ति गरिनेछ।

७३.५ कोषाध्यक्षको पद रिक्त हुन आएमा कार्यकारिणी समितिको परामर्शमा बहालवाला सम्पूर्ण कार्यकारिणि समितिमध्येबाट अध्यक्षले मनोनित गर्नेछन्।

७३.६ कार्यकारिणी समितिका कुनै सदस्यको स्थान रिक्त भएमा जुन क्षेत्र समूहको कार्यकारिणी समितिको सदस्यको स्थान रिक्त भएको हो सोही क्षेत्र समूहका सदस्यहरूमध्येबाट कार्यकारिणी समितिको परामर्शमा अध्यक्षले मनोनीत गर्नेछ।

७३.७ यस दफा बमोजिम रिक्त पदको पूर्ति गर्दा बाँकी पदावधि सम्मका लागि गरिनेछ।

## परिच्छेद-१०
## सचिवालय र सामान्य प्रशासन

### ७४. सचिवालयः

७४.१ महासंघको कार्य सञ्चालनका लागि केन्द्रमा एक केन्द्रीय सचिवालय र सबै प्रदेश महासंघहरूमा एक एक वटा प्रदेश सचिवालयहरू रहनेछन्।

७४.२ महासंघको सचिवालय प्रमुखको रूपमा महानिर्देशक रहनेछन्। महासंघको सचिवालयको संगठन संरचना तोकिए बमोजिम हुनेछ।

### ७५. महानिर्देशकको नियुक्ति, काम, कर्तव्य तथा अधिकारः

७५.१ अध्यक्षको सिफारिसमा पदाधिकारी समितिले महासंघको महानिर्देशकको नियुक्ति गर्नेछ।

७५.२ महानिर्देशकको सेवा, सर्त र सुविधा अध्यक्षको सिफारिसमा पदाधिकारीबाट निर्धारण भए बमोजिम हुनेछ।

७५.३ महासंघको महानिर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) महानिर्देशक सचिवालयको प्रमुख हुनेछ र महानिर्देशकले अध्यक्षको प्रत्यक्ष नियन्त्रण तथा रेखदेखमा महासंघको जिम्मेवारी बहन गर्ने,

(ख) महानिर्देशक अध्यक्ष तथा कार्यकारिणी समिति प्रति जवाफदेही हुनेछ र निजले स्थायी समिति, पदाधिकारी समिति र कार्यकारिणी समितिको सदस्य सचिवको हैसियतमा कार्य गर्ने,

(ग) महानिर्देशकले महासंघको तर्फबाट नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहसमक्ष निजी क्षेत्रका सवाल प्रस्तुत गर्ने गराउने, निजी क्षेत्रको प्रतिनिधित्व गर्ने गराउने तथा संघ, प्रदेश तथा स्थानीय तहसँग सहकार्य गर्ने गराउने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(घ) महासंघको तर्फबाट आवश्यकता अनुसार नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहमा प्रतिनिधित्व गर्ने तथा प्रचलित कानून बमोजिम हुने गरी विदेशी नियोग वा विकास साझेदारमा प्रतिनिधित्व गर्ने,

(ङ) नीजि क्षेत्रको नेतृत्वमा आर्थिक विकास गर्ने सम्बन्धमा महासंघको तर्फबाट आवश्यक कार्य गर्ने गराउने,

(च) महानिर्देशकले महासंघको योजना तथा कार्यक्रमको तर्जुमा गरि आवश्यकता अनुसार अध्यक्ष पदाधिकारी समिति एवं कार्यकारिणी समिति समक्ष पेश गर्ने,

(छ) स्वीकृत कार्यक्रम तथा बजेट अनुसार कार्यक्रमको सञ्चालन गर्ने, गराउने,

(ज) यस विधानको पालना गर्ने गराउने,

(झ) महासंघको प्रशासनिक ढाँचा तयार पारी अनुमोदनको लागि पेश गर्ने,

(ञ) महासंघका कर्मचारीलाई आवश्यक निर्देशन दिने, नियन्त्रण गर्ने र काममा लगाउने,

(ट) महासंघको वार्षिक नीति तथा कार्यक्रम तयार गरी अध्यक्षको निर्देशन अनुसार कार्यकारिणी समितिमा प्रस्तुत गर्ने,

(ठ) प्रदेश सचिवालयको प्रमुखहरूको प्रत्यक्ष रेखदेख तथा समन्वय गर्ने गराउने,

(ड) महासंघ अन्तर्गत सञ्चालन हुने परियोजनाको सञ्चालन गराउने,

(ढ) कार्यकारिणी समितिको निर्देशन तथा कोषाध्यक्षको सल्लाह र सुझाव बमोजिम महासंघको आर्थिक जिम्मेवारी लिने, हिसाब किताब राख्न लगाउने, आर्थिक अनुशासन कायम गर्ने, कोषको जिम्मा लिने।

७५.४ प्रदेश महासंघहरूमा महानिर्देशकको मातहतमा रहने गरी आवश्यकता अनुसार सचिवालय प्रमुख रहनेछन्।

**७६. महासंघका कर्मचारी:**

७६.१ महासंघका लागि आवश्यक पर्ने कर्मचारी महासंघले नियुक्त गर्नेछ।

७६.२ उपदफा ७६.१ बमोजिम नियुक्त हुने कर्मचारीको नियुक्ति तथा सेवा, सुविधा तथा सेवाका अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ।

**७७. कार्य विवरण तथा अभिलेख राख्ने:**

७७.१ सचिवालयले महासंघका सदस्यको विवरण किताब, साधारण सभा, कार्यकारिणी समिति, स्थायी समिति, पदाधिकारी समिति, परिषद्, अन्य समिति र उपसमितिको बैठकको कार्य विवरण (माइन्युट) राख्नेछ र त्यस्तो कार्य विवरणको छाँया प्रति सम्बन्धित सदस्यलाई पठाउनेछ।

७७.२ उपदफा ७७.१ बमोजिमका कार्य विवरणमा कुनै कुरा सच्याउनुपर्ने देखिएमा सो प्राप्त भएका मितिले साधारण सभा भए पन्ध्र दिनभित्र, कार्यकारिणी समिति, स्थायी समिति, पदाधिकारी समितिको बैठक भए सात दिनभित्र र परिषद्, समिति र उपसमितिको बैठक भए तीन दिनभित्र सचिवालयलाई लिखित सूचना गर्नुपर्नेछ। म्यादभित्र कुनै सूचना सचिवालयमा प्राप्त हुन नआएमा कार्य विवरण (माइन्यूट) ठीक लेखिएको मानिनेछ।

७७.३ उद्योग वाणिज्य संघ, वस्तुगत संघ र द्विराष्ट्रिय उद्योग वाणिज्य संघको साधारण सभा, निर्वाचन, हिसाब किताबको अभिलेख व्यवस्थित र सुरक्षित किसिमले राख्ने जिम्मेवारी सचिवालयको हुनेछ।

## परिच्छेद-११

## महासंघको कोष तथा आर्थिक प्रशासन

**७८. महासंघको कोष:**

७८.१ महासंघको एक छुट्टै कोष हुनेछ।

७८.२ उपदफा ७८.१ बमोजिमको कोषको सञ्चालनको जिम्मेवारी अध्यक्षको निर्देशनमा महानिर्देशकको हुनेछ।

७८.३ उपदफा ७८.१ बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछ:

(क) महासंघको सदस्यता शुल्क, प्रवेश शुल्क, नवीकरण शुल्क, जरिवाना, सिफारिस शुल्क, उत्पत्ति प्रमाण पत्रबाट प्राप्त शुल्क इत्यादिबाट प्राप्त रकम,

(ख) महासंघलाई प्राप्त चन्दा, सहायता, अनुदान वा यस्तै अन्य रकम,

(ग) विभिन्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त अनुदान, चन्दा वा सहयोग स्वरूप प्राप्त रकम,

(घ) महासंघले वा यसका तर्फबाट सेवा प्रदान गरेबापत प्राप्त हुने रकम, शुल्क आदि,

(ङ) महासंघको सम्पत्तिबाट प्राप्त रकम,

(च) महासंघका सदस्यहरूको प्रयासबाट प्राप्त रकम,

(छ) विभिन्न परियोजना सञ्चालन गर्न प्राप्त रकम,

(ज) अन्य कुनै पनि स्रोत वा किसिमबाट महासंघलाई प्राप्त रकम,

(झ) महासंघको आफ्ना प्रकाशन, ब्याच, लोगो बिक्रीबाट प्राप्त रकम।

७८.४ सचिवालयले वार्षिक बजेट तयार गरी अध्यक्षको निर्देशन बमोजिम कोषाध्यक्ष वा महानिर्देशकले कार्यकारीणी समितिमा प्रस्तुत गर्नेछ।

७८.५ महासंघको कोषको रकम महासंघको उद्देश्य पूर्ति हुने कुनै कार्य वा महासंघले तोकेको काममा मात्र प्रयोग हुनेछ। महासंघको कोष वा सम्पत्तिबाट यसका सदस्यलाई लाभांश वा हिस्साको रूपमा वितरण गर्न सकिने छैन।

७८.६ महासंघको कोषबाट खर्च हुने एक लाख रुपैंयाभन्दा बढी रकमको कारोबारमा हुने बैक खाता सञ्चालनमा महासंघको अध्यक्ष र कोषाध्यक्षमध्ये कुनै एक तथा महानिर्देशक र लेखा प्रमुखमध्ये कुनै एकको दस्तखत अनिवार्य हुनुपर्नेछ।

७८.७ महासंघको खाता सञ्चालन तथा खर्च सम्बन्धी व्यवस्था महासंघको आर्थिक प्रशासनसम्बन्धी नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ।

## ७९. हिसाब किताब:

७९.१ महासंघको केन्द्रीय सचिवालयले प्रादेशिक सचिवालयहरूको तथा सम्पूर्ण परियोजनाहरूको लेखा राख्नुपर्नेछ।

७९.२ महासंघले आफ्नो वार्षिक कारोबार हिसाब, किताबको लेखा दुरुस्त राख्नुपर्नेछ। त्यस्तो लेखामा अन्य कुराको अतिरिक्त महासंघको काम कारबाहीको वास्तविक स्थिति स्पष्ट हुने गरी आर्थिक कारोबार, प्रत्येक आम्दानी खर्चको विवरण, मालसामानहरूको खरिद तथा बिक्री र महासंघको जायजेथा तथा दायित्वको विस्तृत विवरण खोलिएको हुनुपर्नेछ।

७९.३ कोषाध्यक्षले प्रत्येक आर्थिक वर्षको आय, व्यय तथा चल अचल सम्पतिको विवरण लेखाको मान्य पद्धति अनुकूल रीतपूर्वक राख्ने व्यवस्था गर्नेछ।

७९.४ महासंघको अचल सम्पत्तिको बेचबिखन गर्नु पूर्व कार्यकारिणी समितिबाट स्वीकृति लिनुपर्नेछ।

## ८०. लेखा परीक्षण:

८०.१ महासंघले आफ्नो आर्थिक क्रियाकलापको सुदृढीकरणको लागि नियमित रूपमा आन्तरिक लेखापरीक्षण गर्ने व्यवस्था गर्नेछ।

८०.२ महासंघले सम्बन्धित सदस्यको प्रचलित कानूनमा अन्यथा लेखिएको भएमा बाहेक आवश्यकता अनुसार लेखा निरीक्षण, परीक्षण गर्न वा गराउन सक्नेछ।

८०.३ महासंघको लेखापरीक्षण: महासंघको लेखा परीक्षणसम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ:

(क) महासंघको लेखा परीक्षण गराउन साधारण सभाले प्रचलित कानून बमोजिम लेखा परीक्षण गर्न योग्य एक लेखा परीक्षक नियुक्त गर्नेछ।

(ख) साधारण सभाले नियुक्त गरेको लेखा परीक्षक लेखा परीक्षण गराउने समयमा उपलब्ध नभएमा कार्यकारिणी समितिले अर्को लेखा परीक्षक नियुक्त गर्न सक्नेछ।

(ग) लेखा परीक्षक नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्नेछ।

(घ) लेखा परीक्षकको पारिश्रमिक र अन्य सुविधा साधारण सभाबाट निर्धारण भए बमोजिम हुनेछ।

(ङ) लेखा परीक्षकले लेखा परीक्षणको प्रयोजनका लागि महासंघको लेखा सम्बन्धी अभिलेख सम्बन्धी निर्णय र भण्डारको निरीक्षण तथा जाँच गर्न सक्नेछ।

(च) लेखा परीक्षकले लेखा परीक्षण गरी आफ्नो प्रतिवेदन सहितको वासलात कोषाध्यक्ष समक्ष पेश गर्नेछ र आय व्यय विवरण कोषाध्यक्षले कार्यकारिणी समिति समक्ष पेश गर्नेछ।

## ८१. लेखा परीक्षण समिति:

८१.१ अध्यक्षले कार्यकारिणी समितिको सल्लाहमा सदस्यमध्येबाट तीन सदस्यीय लेखापरीक्षण समिति गठन गर्नेछ।

८१.२ उपदफा ८१.१ बमोजिमको लेखा परीक्षण समितिले लेखापरीक्षकको प्राप्त प्रतिवेदन अध्ययन गरी आवश्यकता अनुसार राय सहितको प्रतिवेदन कार्यकारिणी समितिलाई पेश गर्नेछ।

## ८२. लेखा परीक्षण प्रतिवेदन:

८२.१ कार्यकारिणी समितिले अनुमोदन गरेको महासंघको लेखा परीक्षकको प्रतिवेदन सहित आय व्ययको विवरण सदस्यहरू समक्ष कोषाध्यक्षले साधारण सभामा पेश गर्नेछ।

८२.२ वार्षिक साधारण सभामा कोषाध्यक्षले लेखा परीक्षण प्रतिवेदन पेश गर्नेछ।

# परिच्छेद-१२
# विविध

## ८३. अविश्वासको प्रस्ताव:

८३.१ अध्यक्ष विरुद्धको अविश्वासको प्रस्ताव कार्यकारिणी सदस्यहरूको कुल संख्याको कम्तीमा एक तिहाई सदस्यले कारण खुलाई हस्ताक्षर गरी महासंघको सचिवालयमा दर्ता गर्न सक्नेछन्। यस्तो प्रस्तावउपर कार्यसमितिमा छलफल गरी निर्णय हुनेछ।

८३.२ कार्यकारिणी समिति सदस्य तथा वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष विरुद्धको अविश्वासको प्रस्ताव कार्यकारिणी सदस्यहरूको कुल मतसंख्याको कम्तीमा एक तिहाइ सदस्यले कारण खुलाई हस्ताक्षर गरी महासंघको सचिवालयमा दर्ता गर्न सक्नेछन्।

८३.३ कोषाध्यक्ष विरुद्ध अविश्वासको प्रस्तावको हकमा कार्यकारणी समितिका सदस्यहरूको एक तिहाइ सदस्यले कारण खुलाई हस्ताक्षर गरी महासंघको सचिवालयमा दर्ता गर्न सक्नेछन्।सो प्रस्तावउपर कार्यकारिणी समिति सदस्यहरूको कुल संख्याको दुई तिहाई बहुमतले पारित गर्नुपर्नेछ।

८३.४ वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष तथा कोषाध्यक्ष बाहेकका पदाधिकारीहरूको अविश्वासको प्रस्तावको हकमा क्षेत्रगत सदस्यहरूको कुल मत संख्याको एक तिहाइ सदस्यहरूले कारण खुलाई हस्ताक्षर गरी महासंघको सचिवालयमा दर्ता गर्न सक्नेछन्।

८३.५ उपदफा ८३.१ बमोजिमको प्रस्ताव दर्ता भएको तीस दिनभित्र बैठक बस्ने गरी अध्यक्षले कार्यकारिणी समितिको बैठक बोलाउन लगाउनेछ।

८३.६ उपदफा ८३.५ बमोजिम बैठक बोलाउनु पर्नेमा अध्यक्षले कार्यकारिणी समितिको बैठक बोलाउन नलगाएमा वरिष्ठ उपाध्यक्षले, वरिष्ठ उपाध्यक्षले बैठक बोलाउन नलगाएमा उद्योग वाणिज्य संघ समूहबाट निर्वाचित उपाध्यक्षले, उद्योग वाणिज्य संघ समूहबाट निर्वाचित उपाध्यक्षले पनि बोलाउन नलगाएमा वस्तुगत संघ समूहबाट निर्वाचित उपाध्यक्षले र वस्तुगत संघ समूहबाट निर्वाचित उपाध्यक्षले पनि वोलाउन नलगाएमा एशोसिएट समूहबाट निर्वाचित उपाध्यक्षले र एशोसिएट समूहबाट निर्वाचित उपाध्यक्षले पनि बोलाउन नलगाएमा द्विराष्ट्रिय संघ समूहबाट निर्वाचित उपाध्यक्षले र द्विराष्ट्रिय संघ समूहबाट निर्वाचित उपाध्यक्षले पनि बोलाउन नलगाएमा माथि उल्लेखित तीस दिन वितेको पन्ध्र दिनभित्र महानिर्देशकले कार्यकारिणी समितिको बैठक बोलाउनुपर्नेछ।

८३.७ नियमित साधारण सभा तीस दिनभित्र बस्ने भएमा सोही साधारण सभाको विषय सूचीमा अविश्वासको प्रस्ताव समेत समावेश गरिनेछ। यस अनुरूप साधारण सभाको समय नभएमा उपदफा ८३.६ मा उल्लेखित कार्यकारिणी समितिको बैठक बसेको मितिले तीस दिनभित्र सभा बस्ने गरी विशेष साधारण सभा कार्यकारिणी समितिले बोलाई छलफल गराउनेछ।

८३.८ उपदफा ८३.६ र ८३.७ बमोजिम नगरेमा अविश्वासको प्रस्ताव प्रस्तुत गर्नेहरूले बैठक गरी सो बैठकले अधिकार दिएको व्यक्तिले महासंघको सचिवालयमा प्रस्ताव दर्ता गरेको मितिले पन्ध्र दिनभित्र विशेष साधारण सभा गर्ने अविश्वासको प्रस्ताव सहितको सूचना सचिवालयले महासंघका सदस्यहरूलाई पठाउनेछ। सचिवालयले उल्लेख भए अनुसार सूचना नपठाएमा अविश्वास प्रस्ताव राख्ने सदस्यहरू सबैले सही गरी विशेष साधारण सभा गर्ने सूचना पठाई विशेष साधारण सभा बोलाउन सक्नेछन्।

८३.९ कार्यकारिणी समितिको विरुद्ध ल्याइएको अविश्वासको प्रस्ताव उपर छलफल गर्ने साधारण सभाको सभापतित्व यस विधानको दफा ८ बमोजिमका सदस्यहरूमध्ये उमेरको हिसाबबाट ज्येष्ठ सदस्यले गर्नेछ।

८३.१० अध्यक्षको विरुद्ध ल्याइएको अविश्वासको प्रस्ताव महासंघको कार्यकारिणी समितिको बैठकको दुई तिहाई सदस्यको निर्णयले गर्नेछ। यस्तो कार्यकारिणी समितिको बैंठकको सभापतित्व वरिष्ठ उपाध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा उपाध्यक्षले वरियताको क्रमले बैंठकको सभापतित्व गर्नेछ।

८३.११ कार्यकारिणी समितिको विरुद्ध ल्याइएको अविश्वासको प्रस्ताव उपर हुने मतदानमा कार्यकारिणी समितिका पदाधिकारी एवं सदस्यहरूले र अध्यक्षको विरुद्ध ल्याइएको अविश्वासको प्रस्ताव उपर हुने मतदानमा अध्यक्षले मतदान गर्न पाउने छैन।

८३.१२ अविश्वासको प्रस्ताव उपरको छलफलमा सफाई पेश गर्न पाउने अवसरबाट बन्चित गरिने छैन।

८३.१३ अविश्वासको प्रस्ताव पारित गर्न साधारण सभामा उपस्थित गणपूरक संख्याको दुई तिहाई बहुमत आवश्यक पर्नेछ। यसरी हुने अविश्वासको प्रस्ताबको मताधिकारको सीमितता उद्योग वाणिज्य संघ सदस्यको पचास प्रतिशत, वस्तुगत संघ सदस्यको बीस प्रतिशत र एशोसिएट सदस्य (द्विराष्ट्रिय संघसमेत) को तीस प्रतिशत गरी सदस्यको मताधिकारलाई सीमित गरी कुल एक सय प्रतिशतमा हिसाब गरी निर्धारण गरिनेछ।

८३.१४ अविश्वासको प्रस्ताव पारित भएमा त्यसको कार्यान्वयन वार्षिक साधारण सभा वा विशेष साधारण सभाले तोकेबमोजिम हुनेछ।

८३.१५ यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अविश्वासको आरोप लागेको व्यक्ति र अविश्वासको प्रस्तावमा हस्ताक्षर गर्ने सदस्य संघ वा कम्पनीका प्रतिनिधिले त्यस्तो सभा वा विषयमा छलफल हुँदा अध्यक्षता गर्न पाउने छैनन्।

८३.१६ यस दफा बमोजिम प्रस्तुत भएको अविश्वासको प्रस्ताव सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## ८४. विधानमा संशोधनः

८४.१ विधान संशोधनको प्रस्ताव साधारण सभामा प्रस्तुत गर्नु अगावै देहायको प्रक्रिया पूरा गरेको हुनुपर्नेछः

(क) कार्यकारिणी समितिबाट प्रस्तुत हुने संशोधनको प्रस्ताव रायसहित साधारणसभा शुरु हुनु भन्दा कम्तीमा दुई महिना अगावै महासंघका सदस्य संघसमक्ष प्रस्तुत गर्नुपर्नेछ।

(ख) महासंघका साधारण सदस्यहरूबाट प्रस्तुत हुने संशोधन प्रस्ताव साधारण सभा शुरु हुनु चार महिना अगावै कार्यकारिणी समितिसमक्ष प्रस्तुत गर्नुपर्नेछ र यस्तो प्रस्तावमा कार्यकारिणी समितिले आफ्नो धारणा सहितको संशोधन प्रस्ताव साधारण सभाको मिति भन्दा कम्तीमा दुई महिना अगावै महासंघका सदस्यसमक्ष प्रस्तुत गर्न सक्नेछ।

८४.२ महासंघको प्रत्येक सदस्यले विधान संशोधनको सम्बन्धमा आफ्नो मत वा विचार व्यक्त गर्न पाउनेछ।

८४.३ विधान संशोधन सम्बन्धमा मतदानबाट निर्णय गर्नुपर्ने अवस्थामा साधारण सभामा गणपूरक संख्या पुगी उपस्थित संख्याको साठी प्रतिशतको बहुमतले (मतभार अनुसार) निर्णय गरेमा विधान संशोधन हुनेछ।

## ८५. सदस्यको नाम परिवर्तन:

महासंघको कुनै सदस्यले आफ्नो नाम परिवर्तन गर्न सक्नेछ। सदस्यले परिवर्तन भएको विवरण एक महिनाभित्र महासंघ सचिवालयमा पठाउनु पर्नेछ। यसरी परिवर्तन भएको नाम, हैसियत र ठेगाना सहितको विवरण महासंघमा पठाई सदस्यता समितिले छलफल गरी सुझाव सहित कार्यकारिणी समितिमा पेश गर्नेछ। कार्यकारिणी समितिले स्वीकृति गरेमा परिवर्तित अभिलेख राख्न सचिवालयलाई निर्देशन दिनेछ।

## ८६. शपथ ग्रहण:

८६.१ महासंघको कार्यकारिणी समितिमा नवनिर्वाचित अध्यक्षलाई निवर्तमान अध्यक्षले शपथ ग्रहण गराउने छन्। निवर्तमान अध्यक्ष उपस्थित हुन नसकेमा निज भन्दा अघिका अध्यक्षले शपथ ग्रहण गराउने छन्। अन्य पदाधिकारीहरू तथा सदस्यहरूलाई नवनिर्वाचित अध्यक्षले शपथ गराउने छन्। नवनिर्वाचित अध्यक्ष पदाधिकारीहरू तथा सदस्यहरूले लिने शपथ ग्रहण तोकिए बमोजिम हुनेछ। शपथ ग्रहण गरिसकेपछि मात्र कार्यभार सम्हाल्न पाउने छन्।

## ८७. मर्यादाक्रम:

महासंघका अध्यक्ष, निवर्तमान अध्यक्ष, भूतपूर्व अध्यक्षहरू, पदाधिकारी, सदस्य एवं महानिर्देशकको मर्यादाक्रम तोकिए बमोजिम हुनेछ।

## ८८. नियम बनाउने अधिकार:

विधानको उद्देश्य प्रतिकुल नहुने गरी महासंघको कार्यकारिणी समितिले विधानमा उल्लिखित उद्देश्य पूरा गर्न नियमावली बनाई लागू गर्न सक्नेछ।

## ८९. विधानको व्याख्या:

८९.१ महासंघको विधानको व्याख्या गर्ने अधिकार कार्यकारिणी समितिलाई हुनेछ।

८९.२ यस्तो व्याख्या गर्दा कार्यकारिणी समितिले आवश्यकता अनुसार सल्लाहकार समितिको राय सल्लाह लिन सक्नेछ।

८९.३ कार्यकारिणी समितिले गरेको व्याख्यामा चित्त नबुझ्ने सदस्यले साधारण सभामा पुनरावेदन गर्न सक्नेछ र साधारण सभाबाट भएको व्याख्या सम्बन्धी निर्णय अन्तिम हुनेछ।

८९.४ यस विधान र महासंघका सदस्य संघहरूको विधान बाझिएमा महासंघको प्रयोजनको निमित्त महासंघको विधान मान्य हुनेछ।

**९०. बाधा अड्काउ फुकाउने अधिकार:**

यस विधानको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइ परेमा महासंघको कार्यकारिणी समितिले आवश्यक बाधा अड्काउ फुकाउन सक्नेछ र सोको जानकारी महासंघको वेवसाइट मार्फत सार्वजनिक हुनेछ।

**९१. खारेजी एवं बचाउ:**

९१.१ यो विधान लागू हुनुपूर्व प्रचलनमा रहेको प्रबन्धपत्र तथा नियमावली र महासंघको विधानबमोजिम भए गरेका सम्पूर्ण काम कार्यवाही यसै विधान अनुरूप भए गरेको मानिनेछ।

**९२. दायित्व सर्ने:**

नेपाल उद्योग वाणिज्य संघले गरेका काम, कार्यवाही तथा संघको सम्पत्ति र संघले व्यहोर्नुपर्ने दायित्व लगायत सम्पूर्ण कूराहरू यो विधान लागू हुनासाथ स्वतः सरेको मानिनेछ।

(अनुसूचि १)

१)	अनुसूची १ मा रहेको FNCCI को प्रतिक चिन्ह र छाप निम्नानुसार रहेको छ । उक्त प्रतिक चिन्ह र छाप कार्यकारिणी समितिको बैठकको निर्णयबाट परिवर्तन गर्न सकिनेछ ।

| | |
|---|---|
| FNCCI<br>चिन्ह | FNCCI<br>छाप |